# विरोध अन्त्य भएको छैन

## लुथरको ५०० वर्षपछि

अनुवादक

**आशिष सुनुवार/रोशन प्रसाई**

प्रकाशक

**रोशन प्रसाई**

इ–मेल : angelsworldnepal@gmail.com
ठेगाना : PO Box. No. 25, Bharatpur, Chitwan
मुद्रण : New Gaurav Printing Press, Pressmarg, Chitwan

***Nepali Translation by***
***Mr. Roshan Prasai*** *(B.th Spicer Adventist University)*
***Mr. Ashish Sunuwar*** *(B.th Spicer Adventist University)*

# परिचय

प्रिय पाठकहरूमा सर्वप्रथम् येशू ख्रीष्टको नाउँमा जय मसीह टक्र्याउन चाहन्छौं । साथै परमेश्वर पिताको प्रेम, प्रभु येशू ख्रीष्टको अनुग्रह र पवित्र आत्माको संगति तपाईंहरूमा रहिरहोस् ।

*"विरोध अन्त्य भएको छैन लुथरको ५०० वर्षपछि"* नामक यो पुस्तिका *अविल र पेन्टे स्टुरकनेस*द्वारा लेखिएको हो; जसमा उनीहरूले "मार्टिन लुथर"ले कसरी क्याथोलिक मण्डलीको बाइबल विरोधी शिक्षा तथा नीतिनियमको पर्दाफास गरेका थिए भन्ने कुरा र अहिले उनको सुधारवादको आन्दोलन सुरू भएको ५०० वर्ष पूरा हुँदाको अवस्थामा कस्ता सफलता प्राप्ती भए अर्थात् के कस्ता गल्तीहरू भएका छन् भन्ने कुराहरूको पुनःविचार गरी परमेश्वरका साँचो छोराछोरीहरूलाई सत्यतामा खडा हुनका लागि आग्रह गर्दछन् । साथै गलत कदमहरूको पहिचान गरी त्यसको विरुद्ध खडा हुन प्रेरणा दिँदछन् । यस पुस्तिकालाई संसारको विभिन्न राष्ट्रहरूमा उनीहरूको आफ्नो भाषामा अनुवाद गरी तीब्र रूपमा यसको वितरण गर्ने काम भइरहेको छ । जब यस पुस्तिकाको अध्ययन गर्‍यौं, तब हामीलाई पनि परमेश्वरले यस पुस्तिकाको महत्वलाई ध्यानमा राखी नेपाली भाषामा अनुवाद गर्न उत्प्रेरित गर्नुभयो र फलस्वरूप आज हामीले यस पुस्तिकालाई हाम्रो आफ्नो नेपाली भाषामा अनुवाद गर्न सफल भएका छौं ।

जब हामी प्रार्थनासाथ यस पुस्तिकाको अध्ययन गर्नेछौं, हामीलाई विश्वास छ परमेश्वरले पक्कै पनि हामीलाई उहाँको सत्यतामा डोर्‍याउनुहुनेछ । आमेन !



# विरोध अन्त्य भएको छैन
## लुथरको ५०० वर्षपछि



३१ अक्टुबर, २०१७ को दिन ५०० वर्षको समय पूरा भयो जब मार्टिन लुथरले विटिनवर्गको चर्चको ढोकामा ९५ बुँदा सम्मिलित आफ्नो पर्चालाई किलाले ठोकेका थिए । यो ९५ बुँदा पर्चाले रोमन क्याथोलिक चर्चको त्यो शिक्षाहरूको पर्दाफास गरेको थियो जो बाइबलका सत्य शिक्षा विपरीत थिए । एउटा मान्छेले कसरी यत्रो ठूलो काम एक्लै गर्न सक्यो भनेर मासिहरू अचम्मित परेका थिए । तपाईंहरू कल्पना गर्नुहोस् कि एउटा मानिस एक्लैले कसरी शक्तिशाली रोमको विरुद्ध अर्थत् पूरा एक अभेद जस्तो लाग्ने संस्थागत प्रणाली विरुद्ध बोल्ने हिम्मत गर्दछ ।

यो ९५ बुँदाहरू वा पर्चा पूरा जर्मनी र विश्वमा थोरै समयमा फैलियो । रोमन क्याथोलिक चर्चले बाइबल विपरीत शिक्षाहरू र विधिहरू सिकाउँदैछ भनेर मानिसहरूले बुझ्न थाले र तिनीहरू मार्टिन लुटरको पक्षमा उभिन थाले । ९५ सुत्रहरूको विषयमा धेरै चर्चा र बादविवाद भयो र यसले मानिसहरूलाई अलग ढंगबाट सोच्न बाध्य तुल्यायो ।

त्यस समय बाइबल केवल चर्चको फादरहरूसँग मात्र हुने गर्थ्यो र मानिसहरू केवल तिनीहरूबाट मात्र बाइबल सिक्ने परिस्थितीमा थिए । त्यस समय मानिसहरूले परमेश्वरको वचनको सही अर्थ खोलाउनको निम्ति केवल चर्च फादरहरूप्रति भर पर्ने गर्दथे । मार्टिन लुथरले ९५ बुँदाद्वारा रोमन क्याथोलिक चर्चको ति शिक्षा र विधिहरू जो बाइबल विपरीत थिए त्यसको

पर्दाफास गरेका थिए । छिट्टै चर्च दुई समूहमा विभाजित भयो - रोमन क्याथोलिक चर्च र मार्टिन लुथर समर्थक । लुथरले आफ्नो शिक्षाहरू र खोजहरूलाई बलियोसँग पक्रिरहेको हुनाले उसलाई वर्मको सभाको सामुन्ने उभिन आदेश दिइयो । धेरै जना व्यक्तिहरू लुथर आफ्नो शिक्षालाई छोडेर रोमन क्याथोलिक चर्चलाई स्वीकार गरोस् भन्ने चाहन्थे । उनीहरू मार्टिन लुथरले रोमन क्याथोलिक चर्चको शिक्षालाई स्वीकार गरेको हेर्न चाहन्थे ।

लुथरले भने - *"मैले गलत गरेको छु भनेर प्रेरितहरू र अगमवक्ताहरूको पुस्तकदेखि सावित गरेर देखाऊ । यदि म गलत भएको रहेछु भने म आफ्नो शिक्षाबाट पछि हट्नेछु र सबैभन्दा पहिला म आफै आफ्नो पुस्तकहरूलाई आगोमा पोल्नेछु ।"*

उसले अझै भने - *"म मेरो विश्वासलाई न त पोपको अगाडि न त कुनै सभाको अगाडि समर्पण गर्न सक्छु किनभने यो कुरा स्पष्ट छ कि तिनीहरू गलत छन् र बाइबल विपरीत छन् । जबसम्म म पवित्र धर्मशास्त्र बाइबलको गवाहीबाट विश्वस्त हुँदिन, आफ्नो विवेकद्वारा स्पष्ट हुँदिन, र जबसम्म आफूले भनेको र लेखेको कुराहरु बुझ्दिन र जबसम्म मेरो विवेकलाई परमेश्वरको वचनले बाँधेको छ तबसम्म म पछि हट्न सक्दिनँ र हट्ने पनि छैन । किनभने एक इसाईको लागि आफ्नो विवेक विरुद्ध बोल्नु जोखिमपूर्ण हुन्छ । म यहाँ अडिग छु, म अरु केही पनि गर्न सक्दिनँ, परमेश्वर मलाई मदत गर्नुहोस् ।" - (डी. अंबीग्रे, पुस्तक-७, अध्याय ८) ।*



# इसाई प्रधानहरुद्वारा विरोध

राजा चार्ल्स पाँचौले लुथर र तिनको सुधार अभियानलाई रोक्न योजना बनाए । पोपको समर्थकहरूलाई खुसी बनाउनको लागि सन् १५२९ मा स्पायरको सभालाई उनले आयोजना गरे । यो सभामा यो निर्णय भयो कि धर्म सुधारको काम र धार्मिक सुधारकहरूको शिक्षाहरूलाई फैलिन नदिने र यो पनि तय भयो कि सुधारवादीहरूलाई मानिसहरूसँग घुलमिल हुन नदिने । एक जना पनि क्याथोलिक व्यक्तिलाई लुथरको शिक्षाहरू स्वीकार गर्न नदिने, निर्णय गरियो ।

केही इसाई राजघरनाका सदस्यहरू जो यस सुधार अभियानको पक्षमा थिए, तिनीहरूले यस कुराको विरोध गर्ने निर्णय लिए । तिनीहरूले राष्ट्रिय सभामा त्यस कुराहरूको विरोध गरे । अरु कुराहरूको बीचमा तिनीहरूले यो लेख, *"प्रस्ताव गरिएको आदेशसँग न त हामी सहमत छौ न त हामी त्यस्ता कुराहरू पालन गर्छौं जो परमेश्वर र उहाँको वचनको,विपरीत छ । परमेश्वरको अनुग्रहद्वारा हामी उहाँको पवित्र बचनको शिक्षालाई मान्छौ र धर्मशास्त्र बाइबलको नयाँ र पूरानो नियमको किताबमा केही पनि नथप्ने निर्णय लिएका छौं ।" - (डी. अंबीग्रे, पुस्तक-१३, अध्याय ६)*

तिनीहरूको विरोधबाट सुधारिएको मण्डलीलाई प्रोटेस्टेन्ट नाम दिइयो र यसका सिद्धान्तहरू नै प्रोटेस्टेनिजम अर्थत् सुधारवादी अभियानको सार हुन् ।

# कुन अधिकारको आधारमा ?

मार्टिन लुथर र सुधारवादीहरूको यो धारणा थियो कि जब कुरा विश्वास र शिक्षाहरूको हुन्छ तब इसाई भाइबहिनीहरूले केवल बाइबलले भनेको कुराहरू मात्र पालना गर्नुपर्दछ । अर्कोतर्फ क्याथोलिक चर्चको यो धारणा थियो कि मानिसहरूले बाइबल मात्र होइन तर बाइबलको साथ-साथै रोमन चर्चले स्थापीत गरेका विधिहरू पनि मान्नुपर्दछ र यही कुराले गर्दा रोमी चर्च सर्मथक र सुधारबादीहरूका बिचारमा स्पष्ट चिरा परेको थियो ।

क्याथोलिक चर्चले यो कुरा भने कि लुथर र सुधारवादीहरूले मण्डली र राज्यको नियमलाई अन्तिम निर्णय भनी स्वीकार गर्नुपर्दछ । सुधारवादीहरूले यो भनेर जवाफ फर्काए जब तिनीहरूको निर्णय परमेश्वरको वचन विरुद्ध हुँदैन तब मात्र तिनीहरूको निर्णयलाई स्वीकार गरिनेछ । सुधारवादीहरूको यो धारणा थियो कि विश्वास र शिक्षाको सम्बन्धमा तिनीहरू आफ्नो विवेकमा

भर पर्न सक्छन् । तिनीहरूले यो अधिकार तिनीसँग छ भनी विश्वास गर्थे । अर्कोतर्फ क्याथोलिक चर्चको धारणा यो थियो कि जब मण्डली सभामा बहुमतले जे निर्णय लिन्छन् तब त्यो निर्णय सबैजनाले मान्नु पर्दछ । परिणाम स्वरूप तिनीहरू केमा खडा हुन चाहन्छन् ? हरेक व्यक्तिले यो निर्णय लिनुपर्ने भयो- बाइबलको शिक्षामा मात्र कि चर्चको विधि र बाइबलको शिक्षा दुवैमा । त्यो दुई कुरामध्ये एकमा निर्णय लिने समय आएको थियो ।

## सतावट

जब सुधारवादीहरू रोमको अगाडि झुकेनन् तब क्याथोलिक चर्चले तिनीहरू विरूद्ध सतावट सुरु गऱ्यो । सुधारवादीहरू रोमको अधिकार विरूद्ध बढेको हुनाले तिनीहरूलाई सताउन थालियो । इतिहासको पुस्तकहरू, जो एकदमै कम पाइन्छ तिनीहरूले यस भयानक सतावटको बारेमा भन्दछन् । धेरै सुधारवादीहरूलाई अमानवीय रूपमा कैदी बनाइए । एकान्त स्थानमा सताइए, धेरै मानिसहरूलाई जंगली जनावहरूको सामु फालियो । जाँच-पड्तालको नाममा धेरै मानिसहरूलाई सताइयो । कति मानिस त तरवारद्वारा मारिए । क्याथोलिक मण्डलीद्वारा भएको भयंकर सतावट र सजाएको कथाहरूले लुथरभन्दा पहिले र पछिको संसारलाई हल्लाइदियो । धेरै सुधारवादीहरूलाई धम्की र पोपद्वारा प्रतिबन्ध लगाइयो । जब पोपद्वारा प्रतिबन्ध लाग्यो तब कोही पनि व्यक्तिले तिनीहरूको हत्या गर्न सक्दथ्यो । धेरै सुधारवादीहरू जस्तै हाइरोनिमस, जोन हस्स, लुइस डी. बरकुइन, विलियम टिनडेल र धेरै सुधारवादीहरूलाई खम्बामा बाँधेर आगोमा जलाएर मारियो । जोन वाइक्लिफको





शरीरलाई जलाएर तिनको अस्थी (खरानी) नजिकैको नदीमा फ्याँकियो । बेलायतमा मात्र क्याथोलिक रानी मेरीको शासनकाल (१५५५-१५५८) मा २८९ सुधारवादीहरूलाई खम्बामा बाँधेर जलाएर मारियो । यस विषयमा येशूले जे भन्नुभएको थियो त्यो एकदम विचार गरिनुपर्ने कुरा हो, *"तिमीहरूले यी मेरा भाइहरूमध्ये सबैभन्दा सानामा एकजनालाई जे जति गऱ्यौ, त्यो तिमीहरूले मलाई नै गऱ्यौं ।" - (मत्ती २५:४०)।*

क्याथोलिक चर्च र तिनको अगुवाहरूलाई धेरै कुराको जवाफ दिनुपर्ने हुन्छ । तर यसको लेखा परमेश्वर स्वयम्ले लिनुहुनेछ । उहाँले सबै कुरा हेर्नुभएको छ, उहाँले धार्मिकताका साथ न्याय गर्नुहुनेछ । यदि हामीले यो कुराहरूलाई एकआपसमा जोड्यौं भने त्यो हाम्रो निम्ति लाभदायक सिद्ध हुनेछ, -*"किनकि हामीले गरेको हरेक काम, असल होस् वा खराब होस्, प्रत्येक गुप्त कुरासमेत सबैको न्याय परमेश्वरले गर्नुहुनेछ ।" (उपदेशक १२:१४)*

यो कुरा स्पष्ट छ कि यदि कसैले आफ्नो पाप स्वीकार गरेर परमेश्वरमा प्रायश्चितका साथ क्षमा माग्यो भने त्यसले क्षमा पाउनेछ । क्याथोलिक चर्चले क्रूसको अगाडि उभिएर आफूले गरेको सतावटको लागि मानिसहरूलाई यातना दिइएको वा अरु विश्वासीहरूलाई सताएर मारेको र अरु धर्ममा आस्था राख्नेहरूलाई यातना दिएर हत्या गरेको स्वीकार गरेर माफी मागेको, पढेको वा सुनेका छैनौं ।

यस बारेमा विचार गर्नुहोस् : क्याथोलिक चर्चले इतिहासको कुनै कालखण्डमा अरु धर्मप्रति आस्था राख्नेहरूलाई जलाएर मार्ने आदेश दिएको थियो । आधिकारिक जाँचको नाममा मानिसहरूले भोगेको भयानक यातनाको बारेमा सोच्नुहोस्, किनभने तिनीहरूले अर्को धर्ममा आस्था राख्थे । तिनीहरूको बारेमा सोच्नुहोस्, जसलाई अलग धर्ममा आस्था राखेको कारण निर्वासनमा परे वा आफू बस्ने समाजबाट प्रतिबन्धमा परे । यो सूची लामो छ । त्यही समयमा यो मण्डली वा संस्था जसले आफूलाई इसाई भनेर बोलाउँछ, के त्यसको काम येशूसँग मिलेको छ र ? त्यसमा विचार गर्नुहोस् : कदापि मिलेको छैन । यो सबै अरु कोही नभएर शैतान हो जो यस निर्मम कामको रचनाकार हो । यो काम एक दिन होइन, एक महिना, एक वर्ष होइन तर वर्षौंवर्षसम्म निरन्तर चल्दै आएको थियो । आश्चर्यजनक कुरा के छ भने भूतपूर्व गुरु पोप बेनेडिक्ट सोह्रौ त्यस आधिकारिक जाँच गर्ने संस्थाको अगुवा रहिसकेका छन् । आज यो संस्था जसले धर्मविरोधीहरूको आधिकारिक जाँच गर्छन् त्यसलाई नयाँ नाम दिइएको छ - *दि कंगग्रिगेशन फर द डक्ट्रीन अफ*

*द फेथ* अथवा विश्वासको सिद्धान्तको सभा र यस सभाका वर्तमान अगुवा हुन् आर्कविशप जेरार्ड लुडविग मूलर हुन् ।

परमेश्वरको कामको निम्ति सुधारवादीहरूले आफ्नो सबैकुराहरू त्यागे । आफ्नो शरीर जलिरहँदा पनि उनीहरूले येशूको गवाही दिए । एकछिन हामीहरू आफ्नो बारेमा सोचौं, हामीले के गरेका छौं ? येशूले हाम्रो लागि के गर्नुभयो ? के त्यो कुरा हामीले महशुस गरेका छौं ? के उहाँले हामीप्रति गर्नुभएको महान प्रेम र अनुग्रहको महशुस गरेका छौं ? के हामी परमेश्वरको कामको लागि सबै कुरा त्याग्न तयार छौं ?

## आफ्नो शत्रुलाई प्रेम गर

यदि हामीले पोपको अधिकारलाई येशूसँग तुलना गर्‍यौं भने, जसले मानिसहरूलाई अरू धर्मप्रतिको आस्थाको कारण हत्या गरे, तिनीहरूलाई येशूले भन्नुहुन्छ- *"तर म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर ।" (मत्ति ५:४४) ।*

पोपको काममा अलग भावना झल्किन्छ । परमेश्वरले हामीलाई इच्छा शक्ति अथवा असल र खराब छुट्याउन सक्ने स्वतन्त्रता साथ बनाउनुभएको छ, ताकि हामी यस्ता कुराहरूमा आफ्नो विवेकको प्रयोग गरौं । हामीले जे कुरामा आस्था, विश्वास राख्छौं त्यो कुरामा अरूलाई विश्वास राख्न कर गर्नुहुन्न । आफ्नो विवेक अनुसारको धर्ममा आस्था राख्न पाउने अधिकार सबैजनालाई छ । आज्ञापालनको निम्ति कैदी बनाउनु, यातना दिनु र हत्या गर्नु अपराध हो । आफ्नो दुष्मनलाई मार्नु र उनलाई प्रेम गर्नुमा फरक छ । परमेश्वरको जनले आफ्नो शत्रुलाई पनि प्रेम गर्छन् । हामीलाई बनाउनुहुने र हामीलाई प्राण दिनुहुने येशू ख्रीष्टले सबै मानिसलाई प्रेम गर्नुहुन्छ ।

*"सबैथोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन ।" - (यूहन्ना १:३) ।*

*"उहाँ नै सबैकुरा भन्दा अगाडि हुनुहुन्छ, र उहाँमा नै सबैकुरा बाँधिएर रहेका छन् ।" - (कलस्सी १:१७) ।*

येशूले भन्नुभएको छ -*"हे सबै थाकेका र बोझले दबिएको हो, म कहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु ।"- (मत्ती ११:२८) ।*

उहाँले यो पनि भन्नुभएको छ - *"पिताले मलाई दिनुहुने सबै म कहाँ आउनेछन्, र म कहाँ आउनेहरूलाई कुनैपनि रीतिले म त्याग्ने छैन ।" (यूहन्ना ६:३७) ।*

येशूको इच्छा यो हो कि हामीसबै एक मनका साथ सत्यलाई अँगालौं र बाचौं ।



## के पोप येशूको प्रतिनिधि हो ?

पोपले आफूलाई यस पृथ्वीमा येशूको प्रतिनिधि मान्छ तर सबैले यो कुरा बुझ्न जरूरी छ कि पोप येशूको प्रतिनिधि होइन । पोपले आफूलाई झुटो ज्ञान र देखावटको घेरामा राख्छ, तर येशूले भन्नुभएको छ - *"स्यालका दुला र आकाशका चराचुरूङ्गीहरूका गुँड हुन्छन्, तर मानिसको पुत्रको लागि त शिर ढल्काउने ठाउँ पनि छैन ।" (मत्ती ८:२०) ।*

येशूले धेरै साधारण कपडा लगाउनुहुन्थ्यो तर पोपसँग त एकदम महंगा कपडा छन् । पोप एक विलासी जीवन बिताउँदछन् । आफ्नो यात्रामा करोडौं रूपैयाँ खर्च गर्छन् र अंगरक्षकहरूको घेरामा रहन्छन् । हामी स्पष्ट रूपमा हेर्दछौं कि पोप र येशूमा कुनै समानता नै छैन । यसप्रकार चर्चले पोपलाई जुन उपाधी दिएको छ तिनी त्यसको लायक नै छैन । यो त येशूको नम्र र पवित्र जीवनलाई मजाकमा उडाउनु सरह हो ।



क्याथोलिक चर्च धेरै धनी छ । येशूले धनी युवकलाई भन्नुभएको थियो - *"तिमीलाई अझ एउटा कुराको अभाव छ । जाऊ, र तिम्रो जे जति छन् बिक्री गर र गरिबहरूलाई देऊ, र तिमीलाई स्वर्गमा सम्पत्ति मिल्नेछ, अनि आएर मेरो पछि लाग ।" (मर्कूस १०:२१) ।*

भ्याटिकनसँग एकदम धेरै धन छ, यसकारण पोपलाई उद्धारकर्ताको यो निवेदन स्वीकार गर्नुपर्छ जसको प्रतिनिधि तिनी हुन् भनेर दाबी गर्छन् ।

मार्टिन लुथर क्याथोलिक चर्चलाई भित्रैदेखि चिन्थे त्यसैले उनले भने - *"जो व्यक्ति आफूलाई ख्रीष्टको प्रतिनिधि भनेर दाबी गर्छन् तिनलाई राजाहरू भन्दा पनि बढी शान देखाउनु एकदम डरलाग्दो कुरा हो । के येशू र पत्रुस यस्तै थिए? ति मानिसहरू पोप दुनियाको प्रभु हो भन्छन् । के एक प्रतिनिधिको साम्राज्य येशूको राज्य भन्दा  बढी होला त ?" - (*डी. अंबीग्रे, पुस्तक छ, *अध्याय ३) ।*

# विश्वव्यापी शक्ति

धेरै मानिसहरू यो विश्वास गर्छन् कि क्याथोलिक चर्च धर्म सुधारको समयमा उसले अरूलाई गरेको भयानक सतावट पछि बदलिएको छ । तर यथार्थमा तिनी बदलेका छैनन् । तिनीहरूको शिक्षा सिद्धान्तमा केही पनि फरक आएको छैन । तिनले आफूलाई इसाई वस्त्रमा ढालेका छन् ताकि मानिसहरूले तिनलाई स्वीकार गरून् । मानिसहरूले उनलाई स्वीकार पनि गरेका छन् र उनले अधिकार पनि प्राप्त गरेकी छिन् । इयु (युरोपियन युनियन) मा मात्र होइन तर विश्वव्यापी रूपमा पनि हामी यसको वास्तविकता हेर्न सक्छौं । जसरी सुधारवादीहरूको समयमा तिनले आफ्नो अधिकारको दुरूपयोग गरेका थिए त्यसरी नै उनले अन्त्यको समयमा सरकारी र अन्तर्राष्ट्रीय शक्तिको प्रयोग आफू अनुकुल गर्नेछिन् ।

*"टुर्वाड एन इफेक्टिभ वर्ल्ड अथोरिटी* (Toward an Effective World Authority) भन्ने पुस्तक पोप पावल छैटौंले यसो भनेर लेखेका छन् –

*"यस्ता संस्थाहरूलाई विश्वव्यापी रूपमा अन्तर्राष्ट्रिय सहयोगको खाँचो छ जसले विश्वव्यापी रूपमा न्यायको स्थापनालाई तयारी, समन्वय र निर्देशन गर्नेछन् । न्याय र राजनीतिक क्षेत्रमा प्रभावशक्ति काम गर्ने एक सक्षम*





*प्रगतिशिल विश्वव्यापी शक्तिको अभावको महशुस कसले गरेको छैन र ?"* – *(पोप पल छैटौं, पोपोलोरम प्रोग्रेसिवो १९६०, ०८) ।*

अझ एउटा प्रश्न उठ्छः विश्वव्यापी शासन प्रणालीको स्थापना गर्नको लागि क्याथोलिक चर्च कुन-कुन संस्थासँग मिलेर काम गर्दै छ ? मलाई लाग्छ हामीहरू सबैले तिनीहरूलाई देखेका छौं, क्याथोलिक चर्च संयुक्त राष्ट्रसंघ (United Nations) युरोपियन युनियन (European Union) नेटो (NATO), अफ्रिकन युनियन (African Union), इन्टरनेशनल मनिटेरी फन्ड (International Monetary Fund) आदि संस्थाहरूसँग मिलेर काम गर्दैछ ।

पूरा विश्वको नेताहरूलाई एकताको अव्हान गर्दै भूतपूर्व पोप बेनेडिक्ट सोह्रौले आफ्ना वक्तव्यमा यसो भनेका छन् –

*"वर्तमान आर्थिक संकटबाट विश्वलाई निकाल्न, परमेश्वरको नियमहरूमा केन्द्रित भएर विश्वको अर्थ व्यवस्थालाई चलाउन एउटा साचो विश्वव्यापी राजनीतिक शक्तिको अवश्यकता छ ।"* – *(क्याथी लिन ग्रोसम्यान, यु.एस.ए. टुडे, ७/७/२००९)*

क्याथोलिक चर्च विश्वव्यापी शक्ति बन्न चाहन्छ भन्ने कुरा हामीले कहिल्यै पनि बिर्सनु हुन्न । क्याथोलिक चर्च पूरा विश्व आफ्नो नियन्त्रणमा राख्न चाहन्छ । यही कारणले गर्दा क्याथोलिक शक्तिले युरोपियन युनियनको स्थापना गऱ्यो र नयाँ विश्वव्यापी शासन प्रणालीको धारणा पछाडि पनि भ्याटिकनको नै हात छ । अन्तर्राष्ट्रिय कानूनको सहायताबाट नयाँ विश्वव्यापी शासन प्रणालीमा शासन गरिनेछ र यस प्रकारबाट क्याथोलिक चर्चले विश्वव्यापी शक्ति आफ्नो हातमा लिनेछ । जेस्वीट प्रोफेसर तथा भ्याटिकनको आन्तरिक सदस्य मध्ये रहिसकेका मलाकी मार्टिनले आफ्नो पुस्तक "द किज अफ दिस ब्लड" मा यसो लेखेका छन् –

*"चाहेर वा नचाहेर होस्, तयारी वा विना तयारी तीनतर्फी विश्वव्यापी प्रतिस्पर्धामा हामी पूर्ण रूपले विना केही रोकावट पसिसकेका छौं । हामीमध्ये धेरै प्रतिस्पर्धी होइनौं, हामी सबै दावामा लागेका छौं । पूरा दुनियालाई स्वीकार हुने विश्वव्यापी शासन प्रणालीको स्थापना कसले गर्ने भन्ने विषयमा प्रतिस्पर्धा हुँदैछ । हरेक व्यक्ति र समाजमाथि चलाउने अधिकार र नियन्त्रणलाई लिएर प्रतिस्पर्धा चल्दै आएको छ । यो प्रतिस्पर्धा सयौं वर्ष अगाडि सुरुवात भइसकेको छ र अब यसलाई रोक्न मिल्दैन । व्यक्तिगत रूपमा र देशको नागरिकको रूपमा हाम्रो जीवनशैली मात्र होइन तर सबैकुरा बदलिन्छ । हाम्रो राष्ट्रिय पहिचान पनि बदलिन्छ । यसबाट कोही पनि बच्न सक्दैन । हाम्रो*

*जीवनको हरेक भागमा पनि यसको प्रभाव पर्नेछ ।" - (मलाकी मार्टिन, द किज अफ दिस ब्लडः पोप जन पल टु भर्सेज स्रसिया वेस्ट फर कन्ट्रोल अफ न्यू वर्ल्ड अर्डर - १९९१ एए १२-१६)*

यस प्रतिस्पर्धामा पोपको संयूक्त जीत हुनेछ भनेर मार्टिनले भनेका छन् । अन्तर्राष्ट्रीय प्रशासनिक तन्त्रद्वारा यस विश्वव्यापी सरकारमाथि प्रभुत्व गरिनेछ जसले हरेक व्यक्ति, राष्ट्रलाई आफ्नो नियन्त्रणमा लिई आफ्नो इसारामा चलाउनेछ भनेर मलाकी मार्टिनले आफ्नो पुस्तकको पृष्ठ ३४१ मा लेखेका छन् । *आउनुहोस् क्थोलिक चर्चले आफूलाई कसरी सम्बोधन गर्दछ हामी केही उदाहरण वा भनाइहरू हेरौं ।*

*"जसरी शरीरको माथि दिमाग वा यस संसारमा परमेश्वर हुनुहुन्छ त्यसरी नै यस पृथ्वीको सबै साम्राज्यमाथि रोमको चर्चको आधिपत्य छ । त्यसैले रोमको चर्चसँग धार्मिक अधिकार मात्र होइन तर संसारिक अधिकार पनि हुनुपर्छ ।" - (पोप लियो बाह्रौ, अपोस्टलिक लेटर, १८९७) ।*

पोप जर्जले बारम्बार यो कुरा दोहोऱ्याई रहन्थे, *"राज्यको शक्ति भन्दा पनि चर्चको शक्ति ठूलो हो ।"*

प्रमाणिक कानूनको प्रोफेसर डा. जि. एफ. भ्यान स्कल्टीले यसो लेखेका छन् - *"सबै मानवीय शक्ति पापी हो त्यसकारण तिनीहरूमाथि पोपको अधिकार हुनुपर्छ ।" (टि.डब्लु. काल्लावेः रोमानिजम भर्सेज अमेरिकानिजम)*

माथिको भनाइहरूले यो स्पष्ट गराएको छ कि क्याथोलिक चर्चले चर्चमा मात्र होइन तर सारा संसारमा अधिकार गर्न चाहान्छ । रोमन क्याथोलिक चर्च "डि जुरे डिविनो" एउटा ल्याटिन भाषाको वाक्य हो जसको नेपालीमा अर्थ यस प्रकारको हुन्छ - *"पूरा संसार र यस संसारको मानिसहरूमाथि शासन गर्ने आत्मिक अधिकार केवल रोमन चर्चसँग मात्र छ ।"*

परमेश्वर आफैंले यो अधिकार रोमन क्याथोलिक चर्चलाई दिनुभएको छ भनेर उनीहरू दाबी गर्छन् । सारा संसारमाथि राज्य गर्ने लक्ष्यलाई यिनीहरूले पूरा गरेर छाड्नेछन् । बहुचर्चित क्याथोलिक डाक्टर ब्रोसेनले लेखेका छन् - *"धार्मिक व्यवस्थाको हितको लागि कुनै पनि राज्यलाई सिंहासनबाट हट्न आदेश दिने अधिकार पोपसँग छ । मध्य युगमा राज्यहरूमाथि प्रयोग गरिएको अधिकार चर्चले कुनैपनि आधारले हड्पेको छैन, न राजाहरू न मानिसहरूको सहानुभूतिबाट आएको हो तर यो त स्वयम् परमेश्वर आफैंले दिनुभएको हो । यो त एक स्वर्गीय अधिकार हो जो केवल पोपसँग मात्र छ । यो अधिकार विरूद्ध उठ्नु भनेको राजाहरूको राजा प्रभुहरूको प्रभु विरूद्ध उठ्नु हो ।" - (क्याथोलिक रिभ्यू, जनवरी १८५४) ।*



यद्यपि यो कुरा धेरै समय अगाडि लेखिएको हो तर रोमको चर्चले यसमा बदलाव आएको छैन भनेर दावा गर्छ र डा. ब्रोसोनले यो कुरालाई पुष्टी गरेका छन् - *"पूरानो समयमा चर्चले जे पनि गरेको छ । खुला रूपमा वा गुप्तरूपमा यदि भविष्यमा यही परिस्थिति आएको खण्डमा रोमन चर्चले फेरि त्यही गर्नेछ जसलाई उसले खुला रूपमा वा गुप्तमा गरेको छ ।" - (क्याथोलिक रिभ्यू, जनवरी १८५४)*

अन्त्यको दिनमा हामी हेर्नेछौं कि जो कोहीले पनि यस शक्तिको विरूद्धमा बोल्नेछन् वा उठ्नेछन् उसलाई चर्चको अधिकार स्वीकार नगरेको आरोपमा युरोपियन युनियनले होस वा अन्य रोम समर्थित सम्बन्धित निकायहरूले पनि दण्ड दिनेछ ।

दोस्रो भ्याटिकन सभा (१९६२-१९६५) को सामुन्ने क्याथोलिक चर्चले अरु धर्महरूलाई झुटो शिक्षा भनेर करार दिएको छ । तबदेखि झुटा शिक्षहरूलाई "अलग गरिएको दाजुभाइ" भनेर सम्बोधन गरिएको छ । अनि उनीसँग मात्र सत्यहरू छन् र रोमन चर्च बाहिर मुक्ति छैन भनेर क्याथोलिक चर्चले बी गर्दछ ।

## इक्युमेनिकल (मण्डलीमा एकता) अभियान

आज क्याथोलिक चर्च विश्वभरीको मण्डलीहरूलाई इक्युमेनिकल अभियानद्वारा एक गराउन खोजिरहेको छ । तिनीहरूले अरू मूलधारका चर्चहरूलाई आफ्नो अधिकारमुनी आउन भनेर रोमको जेस्युटलाई वा अन्य उग्रपन्थि समूहलाई तिनीहरूले संवाद आग्रह गरेका छन् । हामी परिवर्तन आएको देख्छौं । तर यो परिवर्तन क्याथोलिक चर्चमा आएको होइन । क्याथोलिक चर्चले आफ्नो शिक्षामा परिवर्तन ल्याएको छैन तर दुःखको कुरा परिवर्तन प्रोटेस्टेन्टहरूमा आएको हो । प्रोटेस्टेन्टहरू आफ्नो शिक्षामा अघि बढ्नुको सट्टा क्याथोलिक चर्चको शिक्षालाई अपनाई रहेको पाइएको छ । प्रोटेस्टेन्ट आफै क्याथोलिक चर्चमा आईरहेका छन् ।

इक्युमेनिकल अभियानमा प्रयोग गरिने जारी दस्तावेज "चार्टा इक्युमेनिका"मा यस्तो लेखिएको छ कि क्याथोलिक चर्च अरु मूलधारका चर्चहरूसँग मिलेर काम गर्न चाहन्छ । जुन कुरामा तिनीहरू सहमत छन् त्यसमा तिनीहरू एकता देखाउँछन् र जुन कुरामा तिनीहरू सहमत हुँदैन ती कुराहरूलाई अलग

गरिएका छन् । येशू चाहनुहुन्छ कि हामी सबै कुरामा एक भएर उहाँमा अघि बढौं । परमेश्वरको वचनलाई नियाल्दा साँचो एकता कुनै लोकतन्त्र वा बहुमत वा कुनै तन्त्रको वा नापको आधारमा हुँदैन तर साँचो एकता केवल येशूमा केन्द्रित हुन्छ । येशूको विश्वास सबैकुरामा एकताको आधार हुनुपर्दछ । चर्चको अबाइबलिय सभाहरूसँग एक हुनु भन्दा हामी येशू ख्रीष्टलाई पछ्याउने प्रयास गर्नु पर्दछ ।

ती मानिसहरू जो चर्चबाट बाहिर सत्य वचन प्रचार-प्रसारको काम गर्थे तिनीहरूलाई विश्वासघाती/विद्रोहीको नाम दिइन्थ्यो । लुथर, मेलाक्टन, टिन्डाइल, क्याल्भिन, वाइक्लिफ, हिरेनोमस, वेसली, हस, जिङ्ली, बरक्वीन, वाल्डेन्सीहरूलाई विश्वासघाती/विद्रोहीको नाम दिइयो र यी कथित विश्वासघातीहरू र




बिद्रोहीहरूको विश्वासको आधार भने बाइबल र केवल बाइबलमा मात्र थियो । इतिहास साक्षी छ कि मध्ये युगमा सुधारवादीहरूलाई विश्वासघाती/विद्रोहीको नाम दिएर सुधारवादी अभियानलाई रोक्न खोजियो । त्यही सुधारवादीहरू आज चर्च एकता (इक्युमेनिकल) अभियानको विरूद्ध छन् किनभने त्यो पूर्ण रूपमा बाइबल आधारित देखिदैन । चर्च एकतामा (इक्युमेनिकल) आउनु भनेको आफ्नो शिक्षा त्यागेर क्याथोलिक चर्चको शिक्षा र विधिलाई अपनाउनु हो । इक्युमेनिकल अभियानले बाइबल र चर्चको विधिमा जोड़ दिन्छ तर



सुधारवादीहरू बाइबल र केवल बाइबलको शिक्षामा जोड़ दिन्छन् र अरु सुधारवादीलाई बाइबलको शिक्षामा हिड्न जोड़ दिन्छन् ।

यो सताउने शक्तिलाई एउटा गहिरो चोट लाग्नेछ र त्यो चोट निको हुनेछ भनेर बाइबलले पुष्टी गर्दछ । ई.सं. १७९८ मा यो गहिरो चोट लागेको थियो । जब नेपोलियन बोर्नापाटको सेनापति बरथिएरले पोप पायुस छैटौंलाई बन्दी बनाएका थिए र तिनी आजीवन बन्दिगृहमा बिताउन बाध्यभए । तिनको मृत्यु बन्दिगृहमा नै भयो । तर जब पोपले १९२९ मा पूर्ण अधिकार मुसोलिनीबाट पाए तबदेखि उसको अधिकार झन बलियो हुँदैआएको छ । पोप जोन पल द्वितीयले आफ्नो विश्व भ्रमणमा एक पछि अर्को राष्ट्र गर्दै आफ्नो कुटनीतिक सम्बन्धलाई बलियो बनाए । पोप बेनेडिक्ट सोह्रौले त्यही काम गरे र अहिलेका वर्तमान पोप फ्रान्सीस जो एक समयका कट्टर जेस्यूट सदस्य हुन्, उनले पनि त्यही काम गर्दै आएका छन् । उनले इक्युमेनिकल अभियानद्वारा सारा मण्डली मूलधारलाई एकतामा ल्याउन कोशिस गरिरहेका छन् र ती सबैलाई आफ्नो अधिकार तल ल्याउन कोशिस गरिरहेका छन् । त्यस अधिकारलाई पाउन अन्तर्राष्ट्रीय कानून, राजनीतिक, धार्मिक र आर्थिक कानूनको साहारा लिनेछ । यो अन्तर्राष्ट्रीय कानून स्थानीय र राष्ट्रिय कानून भन्दा पनि माथि भएको कारण धेरै देश र त्यसका जनसमूहलाई प्रभावित हुनेछन् । राष्ट्रहरू नयाँ कानूनको अधिनमा रहनेछन् र यो स्वभाविक पनि हो कि जब अन्तर्राष्ट्रीय कानुन लागू हुन्छ, तब राष्ट्रहरू त्यो नयाँ अन्तर्राष्ट्रीय कानूनको अधिनमा हुन्छन् । यो एकदम बिस्तारै चल्ने प्रक्रिया भएको कारण धेरै मानिसको ध्यान यसमा जाँदैन तर यो बिस्तारै चले पनि निरन्तर चलिरहने प्रक्रिया हो । जसले ती कानूनहरूको पालना गर्दैन त्यसलाई विद्रोहीको नाम छिट्टै दिइनेछ र तिनीहरूमाथि मुद्दा चलाइने छ । फेरि पोपले आफ्नो अधिकारको दुरूपयोग गरेको सबैले हेर्नेछन् तर आश्चर्यको कुरा के हुनेछ भने ती मानिसहरू जो पोपको विद्रोह गर्थे कतिपय ती मानिसहरूले पनि तिनको समर्थन गर्नेछन् । (प्रकाश १३:११-१७) ।

## कहिल्यै पनि परिवर्तन नहुने रोम

यो कुरा आश्चर्यपूर्ण छ कि प्रोटेस्टेन्टहरू रोमतिर आफ्नो हात बढाइरहेका छन् र रोमसँग काम गर्न तयार छन् । यो कुरा स्पष्ट छ कि रोमले तिनीहरूलाई सताएको, यातना दिएको, मारेको कुरा तिनीहरूले बिर्सिसकेका छन् । आफ्नो विश्वासको कारण कतिजना बन्दीगृहमा परे, सताइए, यातनामा

परे । यसकारण प्रोटेस्टेन्ट भएको नाताले यदि हामीलाई हाम्रो इतिहास र हाम्रो हातमा रहेको बाइबलको ज्ञान छैन भने भविष्यमा के हुन्छ त्यस बारेमा हामीलाई केही पनि थाहा हुँदैन । रोम कहिल्यै परिवर्तन हुँदैन र इतिहास आफै दोहोरिन्छ । क्याथोलिक चर्चले आफूलाई इसाईको चोलामा ढालेको मात्रै छ । आजको दिन यो व्यवस्था भेडाको छालामा ब्वाँसो भएको अवस्था हो । यिनीहरू दुईवटा पोपबाट काम गर्छन्- सेतो पोप र कालो पोप । सेतो पोपले खुला रूपमा सबैसँग मिलेर काम गर्छ र कालो पोप जो अंधकारमा रहेर गुप्तमा काम गर्दछ । जेस्युटहरूको अगुवालाई अर्को पोप पनि भनिन्छ । जेस्युटहरू भ्याटिकनको गुप्त सैनिकहरू हुन् । जेस्युट सपथ अनुसार अरु राष्ट्रलाई आफ्नो अधिनमा गराउन लड़ाइँको प्रयोग गर्ने अधिकार तिनीहरूसँग छ । तिनीहरूलाई अरू मूलधारको भेद जान्नको लागि घुसपैठ गर्न प्रोत्साहन दिइन्छ । लुथरनहरूको बीचमा लुथरन, ब्याप्टिस्टहरूको बीचमा ब्याप्टिस्ट, पेन्टीकोष्टलहरूको बीचमा पेन्टीकोष्टल र एड्भेन्टिष्टहरूको बीचमा तिनीहरूले एड्भेन्टिष्टको रूपमा घुसपैठ गरेका छन् । आफ्नो शिक्षाको कारण तिनीहरूले मूलधारमा ठूला पद पाउँदछन् र आफ्नो पदबाट तिनीहरू मूलधारमा प्रभाव पार्दछन् र इक्युमेनिकल अभियानमा भाग लिन प्रोत्साहन गर्दछन् । तिनीहरू पोपप्रति एकदम बफादार रहन्छन् र आफ्नो लक्ष्य प्राप्त गर्न तिनीहरू जे पनि गर्न तयार रहन्छन् । जसले जेस्युट सपथ लिदैछन् तिनीहरूले पोपको नाममा सपथ लिनुपर्दछ तबमात्र तिनीहरूले काम सुरू गर्न पाउँछन् । (जानकारीको लागिः www.endtime.net– The elight tightens the Grip) धेरै प्रोटेस्टेन्टहरूले आफ्नो आँखा बन्द गरेर धर्मको नाममा विश्वव्यापी एकताको योजनामा क्याथोलिक चर्चलाई साथ दिदैछन् ।

## लुथरको अभियान होइन तर एकताको अभियान

१६१७, १८१७, १९१७ सम्म प्रोटेस्टेन्टहरूले रोमन क्याथोलिक चर्च विरूद्ध मार्टिन लुथरले सुरु गरेको सुधारको अभियानलाई मनाउँदै आएकाथिए, तर ई.सं. २०१७ मा यो कुरामा परिवर्तन आएको छ । त्यस दिन तिनीहरूले लुथरले सुरु गरेको विद्रोहलाई मनाएनन् तर क्याथोलिक चर्चसँग मिलेर मण्डलीको एकतालाई जोड दिए । त्यस दिन तिनीहरूले क्याथोलिक चर्चसँगको एकतालाई विशेष ध्यान दिएर रोमनक्याथोलिक चर्चसँग खुशी मनाए ।
यो कस्तो परिवर्तन हो ?
यो कस्तो क्रान्ती हो ?

( Lutheran world Federation)



ई.सं. १९९९ मा क्याथोलिक चर्चले विश्व लुथरेन महासंघसँग मिलेर विश्वासद्वारा धार्मिकताको विषयमा एकीकृत दस्तावेज निकालेर घोषणा गरे कि लुथरले सुरु गरेको बिरोधको नै अन्त्य भयो अर्थात लुथरले सुरू गरेको अभियानको अन्त्य भयो । लुथरले सुरु गरेको बिरोध, अभियान, क्रान्तीको अन्त्य भएको छैन । जबसम्म अनुग्रहको समयको अन्त्य हुँदैन, तबसम्म यो अभियान चलिनै रहनेछ ।
ई.सं. २०१३ मा लुथरेन मण्डली र रोमन क्याथोलिक मण्डलीले साथमा मिलेर "from conflict to communion" नामक एकीकृत दस्तावेज निकाले, जसको २२९ बुँदामा यसो भनी लेखिएको छ, "यद्यपि लुथरेन अगुवाहरूले पोपतन्त्र विरूद्ध लुथरको आलोचनासँग सहमति भएपनि आजको लुथरेन मण्डलीले पोपको ख्रीष्ट विरोधी भन्ने लुथरको विरोधलाई अस्वीकार गर्दछन् ।" यस कारण धेरैजसो मण्डलीका अगुवाहरूले पोपलाई ख्रीण्ट विरोधी मान्दैनन् । यस इक्यूमेनिकल अभियान (मण्डलीमा एकताको अभियान) मा भाग लिने जेस्युट पोप फ्रान्सीस र क्याथोलिक मण्डलीलाई तिनीहरूले अरू मूलधारका मण्डलीहरूले जस्तै इसाईका दर्जा दिएका छन्, जब किक्याथोलिक मण्डलीले बाइबल बिपरित आफ्नो शिक्षा र विधिहरूलाई त्यागेको छैन ।
जब क्याथोलिक मण्डलीले आफ्नो शिक्षा र विधिहरूमा परिवर्तन ल्याएको छैन भने परिवर्तन कसमा आयो र ? किन तिनीहरू मण्डलीमा एकता चाहन्छन् ? ३१ अक्टुबर २०१७ को दिन लुथरेन र क्याथोलिक अगुवाहरू विटेनवर्गमा भेला भएनन्, जहाँबाट सुधारको अभियानको सुरुवातभएको थियो, तर तिनीहरू गुप्तमा रोममा भेटेर सुधार अभियानको अन्त्य भएको भन्दै त्यसको सम्फनामा एकीकृत दस्तावेज निकाले ।
यो इक्यूमेनिकल अभियान जो एकदम दुःखदायि छ, तर यो कुरा साँचो हो कि धेरै प्रोटेस्टेन्टहरूले रोमसँग हात मिलाएका छन् । यस अभियानद्धारा क्याथोलिक मण्डलीले धेरै मूलधारका मण्डलीहरूमा आफ्नो जग गाडेको छ, जसले गर्दा धेरै प्रोटेस्टेन्ट मण्डलीहरू हराउँदैगएका छन् । यस विद्रोहमा कस्ले आफ्नो आवाज उठाउने ? आशा छ, आफ्नो पद र प्रभावको ख्याल नराखी हामीले आवाज उठाउनेछौँ ।
सन् १९९९ मा क्याथोलिक चर्चले (world Methodist Council, the orthodox church, the evangelical in the USA and Alliance of Reformed churches) सँगमिलेर एकीकृत दस्तावेजहरू प्रकाशित गरे । यो प्रकृया अझै बढ्नेछ र हामीले देख्नेछौ कि धेरै मण्डलीहरू एकीकृत दस्तावेजहरूद्वारा

रोमसँग मिल्नेछन् । बाइबलले तिनीहरू एउटै मनका हुनेछन् र तिनीहरूले आफ्नो अधिकार त्यस पशु रोमन क्याथोलिक मण्डलीलाई सुम्पनेछन् । (प्रकाश १७ : १२-१४) अहिले हामी बाइबलको भविश्यवाणीहरू पूरा हुँदैगएको देख्दैछौं । छोटकरीमा भन्नुपर्दा तिनीहरू सबैजना ख्रीष्टको विरोधमा लड़ाइँ गर्न आउनेछन् । यसकारण हामीले निर्णय लिनुपर्ने समय यहिनै हो, हामी ख्रीष्टको पछि हिँडने कि ? वा ती अगुवाहरूको पछाडि हिँड्ने ?

यदि लुथर जीवितै भएकोभए र क्याथोलिक मण्डलीसँग मिलेर लुथरेन चर्चले सुधारको अभियान मनाएको देखेको भए, तिनीहरूले क्याथोलिक र पतित प्रोटेस्टेन्टहरू दुवैलाई गाली गर्नेथिए । रोमसँग सम्झौता गर्नेहरू सबै पतित भएका प्रोटेस्टेन्टहरू हुन् । बाइबलले यसो भनी भन्दछ -"हे मेरो मानिस हो, त्यसबाट निस्केर आओ" (प्रकाश १८:४)। बाइबलको भविश्यवाणीहरू पूरा भएको हामी देखिरहेका छौं । "सारा संसार त्यस पशुप्रति चकित भयो र त्यस पशुको पछि-पछि लागे र व्यापारीहरू पृथ्वीका ठूला-ठूला मानिसहरू थिए, मन्त्रतन्त्रले ठगिएका थिए (प्रकाश १८:२३)।

क्याथोलिक चर्चले मन्त्रतन्त्र अर्थात् मानिसको आँखा छल्ने काम यस्तो चालाकीपूर्ण ढंगले गरेको छ कि मानिसहरूलाई के भइरहेको छ थाहा नै हुँदैन । जब तिनीहरू आफ्नो लक्ष्यमा सफल हुन्छन् तब तिनीहरूको विरूद्धमा उभिनेहरूलाई सतावटद्वारा दबाउनेछन् । तिनीहरूले सुधारवादीहरूलाई सताउनेछन् जसरी तिनीहरूले लुथर, हिरोनिमोस्, वाइक्लिफ, हस, बरक्विन, जिल्ली र अरु सुधारवादीलाई सताएका थिए ।

# के क्याथोलिक चर्च परिवर्तन भएको छ ?

लुथरले सुरूवात गरेको सुधारवादी अभियानको पाँचसय वर्ष भइसकेको अवसरमा हामी एउटा प्रश्न सोध्न चाहन्छौं- के क्याथोलिक चर्च परिवर्तन भएको छ ? छैन ।

क्याथोलिक चर्चले आफ्नो शिक्षा र रीतिहरू जो बाइबलमा आधारित छैन त्यसलाई फैलाउन रोकेको छैन । आउनुहोस् हामी एकछिन ती शिक्षाहरूमध्ये केहीलाई हेरौं ।

### शिक्षा नं. १



क्याथोलिक चर्चको यो विश्वास रहेको छ की पोप यस संसारमा ख्रीष्टको प्रतिनिधि हो । अर्कोतर्फ बाइबलले यो बताउँदछ की येशूले यस संसारमा आफ्नो स्थान भर्नको निम्ति पवित्र आत्मालाई पठाउनुभयो । (यूहन्ना १४:१६-१७) । तिनीहरू यो मान्छन् कि पत्रुस पहिलो पोप भनेर मान्छन् तर त्रुटिले भरीपूर्ण पत्रुस कसरी ख्रीष्टको प्रतिनिधि बन्नसक्छ ? येशूले भन्नुभयो -"*म मेरो मण्डली यस चट्टानमाथि स्थापित गर्नेछु ।" (मत्ती १६:१८) ।*

चट्टानलाई ग्रीक भाषामा "पेट्रा" भनिन्छ । पेट्राको अर्थ चट्टान हो । पूरानो ग्रीक भाषामा चट्टानलाई "पेट्रोस" भनिन्छ । जसको अर्थ हो ढुंगा वा गुडिरहेको ढुंगा । त्यो पदको वास्तविक अर्थ कुनै त्रुटीपूर्ण मानिसमा होइन तर मण्डलीको स्थापना ख्रीष्टमा हुनुपर्दछ । पूरानो समयदेखि सबै पोपहरू त्रुटिपूर्ण छन् । कसरी तिनीहरू यस संसारमा ख्रीष्टको प्रतिनिधि हुनसक्छन्? पावलले इस्राएलको बारेमा यसो भनेर लेखेका छन् जब तिनीहरू उजाडस्थानमा थिए ।

*"सबैले आत्मिक पानी पिए, किनकी तिनीहरूको साथ-साथै हिड्ने आत्मिक चट्टानको पानी तिनीहरूले पिए र त्यो चट्टान चाहिँ ख्रीष्ट नै हुनुहुन्थ्यो । (१ कोरिन्थी १०:८) ।*

येशू "चट्टान" हुनुहुन्छ, पत्रुस होइन ।

### शिक्षा नं. २

क्याथोलिक चर्चको यो विश्वास छ कि प्रभुभोजको दिन जब (फादर) अगुवाले रोटी हातमा लिएर केही रहस्यमय शब्द उच्चारण गर्छ र त्यो रोटी येशूको वास्तविक शरीरमा परिणत हुन्छ । यो तरिकाले तिनीहरूले प्रभु भोजमा रोटीको रूपमा येशूको नयाँ बलिदान चढाउँछन् । तिनीहरू यो विश्वास गर्छन् कि तिनीहरूको फादर/अगुवाले सृष्टिकर्तालाई बनाउनसक्छ र खानसक्छ । जब येशूले प्रभु भोजको स्थापना गर्नुभयो तब उहाँले रोटीलाई आशिष दिनुभयो र भाँचेर भन्नुभयो - "*त्यो तिमीहरूको निम्ति मेरो शरीर हो । यो मेरो सम्झनाको निम्ति गर ।" (१ कोरिन्थी ११:२४) ।*

जब हामी त्यो रोटी खान्छौ तब हामीले गलगाथाको क्रुसमा येशूको बलिदान सम्झनुपर्छ र यो कुरा याद राख्नुपर्छ कि उहाँको शरीर हाम्रो निम्ति भाँचियो र हाम्रो निम्ति उहाँको रगत बगाइयो । हरेक पल्ट येशूको नयाँ

बलिदान दिनु भनेको येशूको बलिदानलाई उपहासमा उडाउनु हो र क्याथोलिक प्रभु भोजमा हरेक पटक येशूको नयाँ बलिदान चढाउनुभनेको येशूको बलिदानको मजाक उडाउनु हो । यसबाट यो पुष्टी हुन्छ कि हामीलाई बचाउनको निम्ति येशूको बलिदान पर्याप्त छैन भनेर तिनीहरू मान्छन् ।

### शिक्षा नं. ३

क्याथेलिक चर्चले आफ्नो क्याटेकिजम (इसाई विश्वास र सिद्धान्तहरूमा प्रश्नोत्तरको संगालो) बाट दोस्रो आज्ञालाई हटाएको छ । अर्को शब्दमा भन्नुपर्दा क्याथोलिक चर्चले परमप्रभुको १० ओटा आज्ञाबाट दोस्रो आज्ञालाई हटाइएको छ । हामीले कुनै पनि मूर्तिको आराधना गर्नुहुँदैन भनेर दोस्रो आज्ञाले भन्दछ । क्याथोलिक चर्चमा कन्या मरियमको मूर्तिको पूजा गरिन्छ र यो विश्वास गर्छन् कन्या मरियम नै फतिमा र अरू ठाउँहरूमा प्रकट भएकी हुन् । तर वास्तविकतामा मरियमको मृत्यु दुई हजार वर्ष अगाडि भएको हो र यो शैतानको आत्मा हो जो कन्या मरियमको रूपमा प्रकट भएको हो ।

### शिक्षा नं. ४

क्याथोलिक चर्चले यो विश्वास गर्छ कि कन्या मरियमलाई स्वर्ग लगिएको थियो र हाम्रो प्रार्थना येशू पिताको सामु पुग्न अगाडि कन्या मरियमको छेउमा





पुग्छन् । कन्या मरियमको मृत्यु भएको दुई हजार वर्ष भइसक्यो र यो क्याथोलिक चर्चले बनाएको मन गढन्ते कथा हो । तिनी पनि अरु जस्तै चिहानमा छिन् जो मरेर गए र त्यस दिनको प्रतिक्षामा छन् जब येशू ख्रीष्ट दोस्रोचोटी आउनुहुन्छ र धर्मी जनलाई विउँताउनु हुनेछ । (१ थेसेलोनिकी ४:१५-१७) ।

स्वर्गमा गवाही दिने ३ जना छन् र ती तीनजना एक हुन् (पिता, पुत्र, र पवित्र आत्मा) भनेर बाइबलमा स्पष्टरूपमा लेखिएको छ (१ यूहन्ना ५:७): यो पद अहिलेको नयाँ बाइबलबाट हटाइएको छ, किनकि रोमन क्याथोलिक चर्चले चारजना महत्वपूर्ण व्यक्तिहरू छन् भनेर सिकाउँदछन् । त्यो चौथो व्यक्ति मरियम हो भनेर सिकाउँदछन । येशूले भन्नुभयो - "बाटो सत्य र जीवन म नै हुँ । मद्वारा बाहेक कोही पनि पिताकहाँ पुग्न सक्दैन" (यूहन्ना १४:६)। पिता र हाम्रो बीचमा केवल एक मध्यस्तकर्ता हुनुहुन्छ र उहाँ येशू हुनुहुन्छ । उहाँद्वारा नै हाम्रो प्रार्थना पिता कहाँ पुग्दछ ।

*"किनकी परमेश्वर एउटै हुनुहुन्छ, परमेश्वर र मानिसहरूका बीचमा मध्यस्त पनि एउटै हुनुहुन्छ - मानिस ख्रीष्ट येशू" (१ तिमोथी २:५) ।*

### शिक्षा नं. ५

पोप र उनीहरूको अगुवा (चर्च फादर) सँग पाप क्षमा गर्ने शक्ति छ भनेर क्याथोलिक चर्चले विश्वास गर्दछ । तब मनमा एउटा प्रश्न उठ्दछ - हाम्रो पापबाट क्षमा पाउन हामी कस कहाँ जाने हो, चर्च फादरकहाँ, मरियम कहाँ वा येशू कहाँ ? बाइबल एक कुरामा स्पष्ट छ -*"पाप नै व्यवस्था भङ्ग हो । (यूहन्ना ३:४) । किनकी सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन् । (रोमी ३:२३) । किनकी पापको ज्याला मृत्यु हो । (रोमी ६:२३)* । परिणाम स्वरूप हामी सबै मृत्युको भागीदार छौं । केवल येशूले हामीलाई हाम्रो पापबाट बचाउन सक्नुहुन्छ । उहाँले हामीलाई बनाउनुभयो । हाम्रो निम्ति आफ्नो प्राणको बलिदान दिनुभयो र उहाँले मात्र हामीलाई पापबाट बचाउन सक्नुहुन्छ । यस पृथ्वीमा पापरहित सिद्ध जीवन केवल उहाँले मात्र जिउनुभयो किनभने हामीले पढेका छौं - "*किनकी हाम्रा पुजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभुति देखाउन नसक्ने हुनुहुन्न । तर हामीजस्तै उहाँ सबै कुरामा परिक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो ।" - (हिब्रू ४:१५)*

*"त्यसकारण पुत्रले तिमीहरूलाई स्वतन्त्र गरायो भने तिमीहरू निश्चय स्वतन्त्र हुनेछौ ।" (यूहन्ना ८:३६) ।*

यदि हामीले हाम्रो पाप स्वीकार गर्दै र पश्चात्ताप गर्दै हाम्रो पापबाट क्षमा माग्यौ भने केवल येशूले मात्र क्षमा गर्न सक्नुहुन्छ ।

त्यसोभए हामी कसकहाँ जाने, चर्च फादर, पोप वा येशू ? हामीले पवित्र धर्मशास्त्र बाइबलबाट हेरिसेकेका छौं कि येशू नै हाम्रो मुक्तिदाता र हामी र परमेश्वरबीचको मध्यस्तकर्ता हुनुहुन्छ । हामीले एक अर्का विरूद्ध गरेको पाप पनि स्वीकार गर्नुपर्दछ किनभने यसो लेखिएको छ –*"आफ्नो विषयमा होसियार बस् । तिम्रो भाइले अपराध गऱ्यो भने त्यसलाई हप्काऊ, र पछुतो गऱ्यो भने तिमीले त्यसलाई क्षमा गर ।" - (लूका १७:३) ।*

जसको विरूद्धमा हामीले अपराध गरेका छौं उसलाई भनेर हामीले उसको सामु अपराध स्वीकार गर्नुपर्छ र उसलाई अपराध क्षमाको मौका दिनुपर्छ । पाप क्षमासँग चर्चफादर वा पोप को केही सम्बन्ध छैन । केवल येशूले मात्र पाप क्षमा गर्न सक्नुहुन्छ । किनभने प्रभुले सिकाउनुभएको प्रार्थनामा हामीले पढेका छौ –*"हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं ।" (मत्ती ६:१२) ।*

यूहन्नाले यसो लेखेका छन् –*"तिमीहरू पाप नगर भनी म यी कुरा तिमीहरूलाई लेखिरहेछु । तर कुनै मानिसले पाप गऱ्यो भने पनि पितासँग हाम्रो पक्षमा बोलिदिनुहुने एक जना हुनुहुन्छ, अर्थात् धार्मिक येशू ख्रीष्ट ।" (यूहन्ना २:१) ।*

केवल येशूद्वारा पाप क्षमा पाइन्छ र स्वर्गदेशमा प्रवेश गर्न पाइन्छ । येशू मात्र हाम्रो मुक्तिदाता, मध्यस्तकर्ता हुनुहुन्छ र केवल उहाँमा मात्र पाप क्षमा छ र केवल उहाँले मात्र पितासामु हाम्रो पक्षमा बोल्नुहुन्छ । जब हामी हाम्रो पाप स्वीकार्छौ र पश्चात्ताप गरेर पाप क्षमाको निम्ति उहाँलाई खोज्यौ भने यो प्रतिज्ञा हाम्रो निम्ति हो ।– *"यदि हामीले आफ्नो पापहरू स्वीकार गऱ्यौ भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वास योग्य र धर्मी हुनुहुन्छ ।" (यूहन्ना १:९)*

जब क्याथोलिक अगुवा र पोपले पाप क्षमा गर्न सक्छन् भनेर दाबी गर्छन् तब तिनीहरूले आफूलाई येशूको स्थानमा राख्छन् र बाइबलले यस कुराको भविष्यवाणी गरेको छ – *"कसैले कुनै किसिमले तिमीहरूलाई धोका नदेओस्, किनकि पहिले विद्रोह नभएसम्म पापको मानिस, अर्थात सर्वनाशको छोरो प्रकट नभएसम्म त्यो दिन आउनेछैन । त्यसले ईश्वर कहलिएका सबै अथवा*



*पुज्य वस्तुहरूको विशेष गर्छ र ती भन्दा आफैंलाई उच्च तुल्याउँछ, यहाँसम्म कि आफैलाई परमेश्वर नै घोषणा गरेर परमेश्वरको मन्दिरमा त्यो बस्छ ।" (२ थेसलोनिकी २:३-४)*

त्यो पापको मानिस, सर्वनाशको छोरो, अधर्मीले आफैंलाई परमेश्वरको स्थानमा राख्दछ । र परमेश्वरको मन्दिरमा यसरी बस्छ कि मानौ ऊ आफैं परमेश्वर हो । त्यो व्यक्ति अरू कोही नभएर पोप आफैं हो । ऊ त्यो अधर्मी हो जसले परमेश्वरको दश आज्ञालाई परिवर्तन गऱ्यो । उसले आफैंलाई येशूको स्थानमा राखेर पाप क्षमा गर्न सक्ने कुरा गर्छ । यस्तो मानिस, जो पापको मानिस, सर्वनाशको छोरो, अधर्मी हो, किन प्रोटेस्टेन्ट ऊ सँग मिलेर काम गर्न चाहन्छ ।

## शिक्षा नं. ६

क्याथोलिक चर्चले आत्मा अमर छ भनेर विश्वास गर्दछ । तिनीहरूको यो विश्वास छ कि जब मानिसको मृत्यु हुन्छ तब त्यो मानिस आत्माको रूपमा बाँचिरहन्छ । आउनुहोस् पवित्र धर्मशास्त्र बाइबलले यस बारेमा के भन्दछ सो हामी हेरौं –*"तब परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी भए ।" (उत्पति २:७) ।*

यसले मानिस जीवित प्राणी भयो भन्दछ, आत्मा जीवित रहन्छ भन्दैन । अब हामी अझै अगाडि बढ्यौ भने-*"त्यो प्राण, जसले पाप गर्छ, त्यही मर्छ ।" (इजकिएल १८:२०) ।*

आत्माको अमरत्वको शिक्षा अदनको बगैंचामा शैतानले बोलेको पहिलो झुटबाट सुरू भएको हो । परमेश्वरले आदम र हव्वालाई विशेष रूखको फल नखानु भन्नुभएको थियो । यदि तिनीहरूले त्यो रूखबाट फल खाएको भए तिनीहरू मर्ने थिए तर शैतानले हव्वालाई भन्यो – *"सर्पले स्त्रीलाई भन्यो, तिमीहरू मर्दैनौ ।" (उत्पति ३:४) ।*

शैतानको यो झुट धेरै धर्महरूको आत्माको अमरत्वको शिक्षाको आधार बन्न पुग्यो । तर पवित्र धर्मशास्त्र बाइबलले के भन्छ सो हामी हेरौं – ज्ञानी मानिस सुलेमान राजाले भनेका छन् – *"किनभने हामी मर्नेछौ भनी जीवितहरूले जान्दछन्, तर मरेकाहरूले त केही पनि जान्दैनन् । तिनीहरूका निम्ति केही प्रतिफल हुँदैन । तिनीहरूको सम्झना पनि लोप हुन्छ । तिनीहरूका प्रेम, घृणा, इर्ष्या सबै लोप भएका हुन्छन्, सूर्यमुनी गरिएको कुनै काममा तिनीहरूको*

*फेरि कहिल्यै भाग हुँदैन । तिम्रो हातमा जे काम छ त्यो आफ्नो पूरा शक्तिले गर, किनभने चिहानमा जहाँ तिमी जान्छौ, त्यहाँ न त केही गर्ने न योजना गर्ने, न ज्ञान, न बुद्धि नै हुन्छ ।" (उपदेशक ३:५-६, १०) ।*

आउनुहोस् पवित्र धर्मशास्त्र बाइबलबाट हामी केही पदहरू हेरौं –

*"यसमा अचम्म नमान, किनभने समय आइरहेछ, जब चिहानमा हुनेहरू सबैले उसको स्वर सुन्नेछन्, र बाहिर निस्किआउनेछन् । सुकर्म गर्नेहरू जीवनको पुनरूत्थानको निम्ति र कुकर्म गर्नेहरूचाहिँ दण्डाज्ञाको पुनरूत्थानको निम्ति ।" (यूहन्ना ५:२८, २९) ।*

येशूको दोस्रो आगमनको विषयमा पावल प्रेरितले यही कुरा सिकाउँदछन् –

*"प्रभुको वचन द्वारा हामी तिमीहरूलाई घोषणा गर्दछौं, कि हामी जो जीवित छौ र प्रभुको पुनरागमनसम्म बाँचिरहन्छौं, सुतिरहेकाहरूलाई कुनै किसिमले पनि उछिन्ने छैनौं । किनकि प्रभु स्वयम् हुकुमको गर्जनसहित, प्रधान र स्वर्गदुतको आवाज र परमेश्वरको तुरहीको स्वरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरू चाहिँ पहिले बौरिउठ्नेछन् । तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइ लगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं ।" (१ थेसलोनिकी ४:१५-१७) ।*

हामीले हेऱ्यौ कि चिहानमा रहेका मृतहरूलाई येशूले बौरिउठाउनुहुनेछ । हामीले हेऱ्यौं कि मृतहरूलाई केही पनि थाहा हुँदैन । बौरी नउठुञ्जेल तिनीहरू चिहानमा नै रहनेछन् । धर्मीहरू जीवनको पुनरूत्थानको निम्ति र पापीहरू दण्डाज्ञाको पुनरूत्थानको निम्ति बौरी उठ्नेछन् ।

जब येशूको मित्र लाजरसको मृत्यु भयो तब येशू आउनुभयो । लाजरसको मृत्युभएको ४ दिन भइसकेको थियो र तिनको शरीरबाट गन्ध आउन सुरु भइसकेको थियो । येशूले लाजरसको मृत्युलाई निन्द्रासँग तुलना गर्नुभयो र उहाँले भन्नुभयो – *"लाजरस, बाहिर आऊ ।" (यूहन्ना ११:४३)* । र लाजरस साँच्चै बाहिर आए ।

जब मानिसको मृत्यु हुन्छ तब ऊ स्वर्ग वा नर्क जान्छ भनेर धेरै प्रचारकहरूले सिकाउँछन् । यदि धर्मीहरू मृत्यु पश्चात स्वर्ग जाने भएको भए लाजरस मृत्युपछि स्वर्ग गए होलान त ? तर जब येशूले लाजरसलाई बोलाउनुभयो तब लाजरस चिहानबाट आए, स्वर्ग वा बादलबाट होइन् र बाइबलले भन्दछ – *"जसरी मानिसको निम्ति एक पटक मर्नु निश्चित छ, र त्यसपछि इन्साफ ।" (हिब्रू ९:२०) ।*



सित्तैको बाइबलले यो भन्दछ –*"किनकी पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो ।" (रोमी ६:२३) ।*

यो कथाबाट हामी यो सिक्न सक्छौं कि येशूले तिनलाई अन्तको दिनमा बौरी उठाउनुहुनेछ । *"मार्थाले उहाँलाई भनिन्, म जान्दछु, कि त्यो अन्त्यको दिनको पुनरूत्थानमा फेरि जीवित भइ उठ्नेछ ।" (यूहन्ना ११:२४) ।* अन्त्यको दिनमा येशू आउनुहुनेछ ।

बाइबलले भन्दछ कि येशू मात्र अमर हुनुहुन्छ । यसो लेखिएको छ – *"अनि धन्य र सर्वोच्च, राजाहरूका महाराजा, प्रभुहरूका महाप्रभुले उचित समयमा ख्रीष्टको आगमनलाई प्रकट गर्नुहुनेछ । उहाँमा नै अमरत्व छ, र उहाँ त्यस ज्योतिमा वास गर्नुहुन्छ जसको नजिक कोही जान सक्दैन । उहाँलाई कुनै मानिसले कहिल्यै देखेको छैन न देख्न सक्छ । उहाँलाई नै आदर र पराक्रम सदासर्वदा होस् । आमेन ।(१ तिमोथी ६:१६-१६)*

केवल परमेश्वर अमर हुनुहुन्छ । मानिसहरू मरणशील छन् । तर जब येशू आउनुहुनेछ तब मानिसहरूले अमरताको वस्त्र धारण गर्नेछन् । पावल प्रेरितले लेखेका छन् – *"हेर, म तिमीहरूलाई एउटा रहस्य भन्दछु, हामी सबै सुत्दैनौं, तर हामी सबैको परिवर्तन हुनेछ, एकै क्षणमा, आँखाको एक निमेषमा, तुरहीको आखिरी आवाजमा । किनभने, तुरही बज्नेछ, र मृतकहरू अविनाशी भएर जीवित हुनेछन् । अनि हाम्रो चाहिँ परिवर्तन हुनेछ किनकि यस विनाशी स्वभावले अविनाशी र यस मरणशिल शरीरले अमरत्व धारण गर्नुपर्छ । जब विनाशीले अविनाशी र मरणशीलले अमरत्व धारण गर्छ, तब लेखिएको त्यो वचन पूरा हुनेछ, मृत्यु विजयमा निलिएको छ ।" (१ कोरिन्थी १५:५१-५४) ।*

मानिसहरूको यो धारणा छ कि जब मानिसको मृत्यु हुन्छ तब मानिस आत्मामा परिणत हुन्छ र वरिपरिको मानिसमा प्रभाव पार्न सक्छ र कुराकानी गर्न सक्छ । आत्मावादी पत्रिकामा यो लेख लेखिएको छ – *"आत्मावाद भनेको के हो ? आत्मावाद भनेको यो विश्वास हो मृत्युपछि पनि आत्मा जीवित रहन्छ र जीवित मानिसहरूमा प्रभाव पार्न सक्छ र मिडियम अर्थात् तान्त्रिकहरूद्वारा जीवित मानिसहरूसँग सम्पर्क राख्न सक्छन् ।" – (स्पिरिटेस्टन, डेनमार्कको आत्मावादी पत्रिका १९००, पृ. ८४)*

यस संसारको जनसंख्याको आधा भन्दा पनि धेरै मानिसहरूले पुनर्जन्ममा विश्वास गर्छन् । पुनर्जन्म यस्तो शिक्षा हो जसमा आत्मा अमर छ र एक पुस्तादेखि अर्को पुस्ता र विभिन्न शरीर लिएर आत्माले पुर्नजन्म लिन्छ भनेर

सिकाउँदछ । यो शिक्षा बाइबल विपरित छ । बाइबलले मृत्युपछि मानिस माटोमा मिल्छ भनेर सिकाउँदछ । (भजन १०४:२९) मृतकलाई केही पनि थाहा हुँदैन भनेर सिकाउँछ । (उपदेश ९:५) र मृतक मानिसका मानसिक शक्ति हुँदैन भनेर सिकाउँदछ (भजन १४६:४) सूर्यमुनी हुने कामहरूमा तिनीहरूको केही पनि भाग हुँदैन भनेर सिकाउँदछ (उपदेशक ९:६) मृतकहरू चिहानमा पर्खेर बस्छन भनेर सिकाउँदछ (अय्यूब १७:१३) र मृतकहरू जीवितहरूको बीचमा बास गर्दैन भनेर सिकाउँदछ । (अय्यूब १४:१, २, २ राजा २०:१)

बाइबलबाट हामीले हेऱ्यौ कि आत्माको अमरत्व पुनर्जन्म, आत्मावाद जस्ता शिक्षाहरू बाइबल विरूद्ध हुन् । पवित्र धर्मशास्त्र बाइबलले यी कुराहरू परमेश्वरको नजरमा घिनलाग्दा छन् भनेर भन्दछ । हामी पढ्छौं कि –*"आफ्नो छोरा वा छोरीलाई आगोमा बली गर्ने, शकुन अपशकुन बताउने, जोखना हेर्ने, जादुगरी गर्ने, टुनामुना गर्ने, मृतसँग सल्लाह लिने बिजुवा वा झाँक्री तिमीहरूका बीचमा कोही नहोस् । यस्तो काम गर्ने व्यक्ति परमप्रभुको अघि घृणित हो । यो घृणित रीतितिथिहरूको कारणले परमप्रभु तिमीहरूका परमेश्वरले ती जातिहरूलाई तिमीहरूका सामुबाट निकालिदिनु हुनेछ ।" (व्यवस्था १८:१०-१२) ।*

पवित्र धर्मशास्त्र बाइबलले पूर्ण रूपमा यस्ता शिक्षाहरूलाई नकार्दछ र झुटो भन्दछ ।

## शिक्षा नं. ७

अनन्तको यातनाको शिक्षाद्वारा क्याथोलिक चर्चले मानिसहरूलाई तर्साउने गर्दछ । जो कोहीले क्याथोलिक शिक्षालाई विरोध गर्छ तिनीहरू नर्कमा जानेछन् भनेर भन्दछन्, तिनीहरूले नर्क छ भनेर सिकाउँछन् र पापीहरू त्यहाँ जानेछन् आगो र गन्धकद्वारा अनन्तकालसम्म यातना भोग्नेछन् भनेर सिकाउँदछ ।

चर्चले क्षमापत्र बेच्ने गर्थ्यो । जब तिनीहरूले रोमन क्याथोलिक चर्चद्वारा वितरित क्षमापत्र किन्छन् तब तिनीहरूले थोरै सजाय पाउनेछन् वा क्षमा प्राप्त गर्नेछन् भनेर सिकाइन्थ्यो र तिनीहरू पापमोचन स्थलमा पुग्छन् भनेर सिकाउँदछन् । मध्य युगमा पापमोचन स्थल यस्तो ठाउँ हो जहाँ मानिसहरू स्वर्ग नपुगेसम्म वा त्यहाँ आफ्नो पापको सजाय पाएपछि मात्रै स्वर्ग प्रवेश गर्थे भन्ने धारणा थियो ।

लुथरले यो कुरा बाइबल बिपरित छ र त्यस क्षमापत्रबाट आउने पैसा क्याथोलिक चर्चको सुविधाको लागि खर्च गरिन्छ भनेर भण्डाफोर गरे ।



क्याथोलिक चर्चको अनुसार यस पृथ्वी र स्वर्गको बीचमा पापमोचन स्थल (Purgatory) रहेको छ जहाँ मृत्युपछि मानिसहरू त्यहाँ पुग्छन् । तिनीहरू आफैं त्यस ठाउँबाट निस्किन सक्दैनन् । त्यसकारण तिनीहरूलाई बाहिरबाट मदतको खाँचो छ । जब मानिसहरूले मृतकहरूको निम्ति प्रार्थना गर्छन् वा तिनीहरूको निम्ति क्षमापत्र किन्छन् तब मात्र तिनीहरू त्यहाँ थोरै सजाय पाउछन् र स्वर्गमा प्रवेश गर्छन् ।

तेत्जेल (Tetzel) जो क्याथोलिक चर्चको लागि क्षमापत्रको विक्रेता थिए तिनले भनेका छन् कि क्षमापत्रमा खरिददारको सबै पाप जो पहिला गरिएका थिए र पछि गरिनेछन्, ती पापहरूबाट क्षमा पाइन्छ भनेर लेखिएको थियो । पापको निम्ति पश्चात्तापको जरूरत थिएन । (डि.अबीग्रे, पुस्तक-३, अध्याय १)

यसरी क्षमापत्रद्वारा जीवितले मात्र होइन तर मृतकले पनि मुक्ति पाउँछन् भन्ने धारणा मानिसहरूमा थियो । तिनीहरूको यो विश्वास थियो जब क्षमापत्रको पैसा तिरिन्छ तब आत्मा पापमोचन स्थलबाट निक्लेर स्वर्गमा प्रवेश गर्दछ । युगौभरदेखि मानिसहरूले चर्चलाई पैसा दिँदै आएका छन् । आफ्नो मृत सम्बन्धीहरूलाई यातनाबाट बचाउनको लागि मानिसहरूले धेरै पैसा दिएका छन् । झुटो धारणामा मानिसहरूलाई ठगेर क्याथोलिक चर्च धनी भएको छ । डरलाई आधार बनाएर क्याथोलिक चर्चले धेरै पैसा बटुलेको छ । यो धोकादारीबाट तिनीहरूले एकदम सुन्दर चर्च, गिरजाघर बनाएका छन् । त्यसमा तिनीहरूले लाज मान्नुपर्थ्यो । पवित्र धर्मशास्त्र बाइबलले मृत्युपछि के हुन्छ भनेको छ सो हेरौं - *"पापको ज्याला मृत्यु हो ।" (रोमी ६:२३) ।*

यसले पापको ज्याला मृत्यु हो भनेको छ । बाइबलले भनेको छ कि पापीहरूले आफ्नो काम अनुसारको सजाय पाउनेछन् - (प्रकाश २०:१३) । अगमवक्ता मलाकिले यसो लेखेका छन् -

*"हेर, त्यो दिन आउँदैछ । त्यो भट्टीझैं दन्कनेछ । सबै हठी र सबै दुष्ट काम गर्नेहरू ठूटाझैं हुनेछन, र त्यो आउने दिनले उनीहरूलाई आगोमा भष्म गर्नेछ, सर्वशक्तिमान परमप्रभु भन्नुहुन्छ त्यसले उनीहरूको एउटै जरा र एउटै हाँगा पनि छोड्नेछैन ।" (मलाकि ४:१) ।*

पापको जरा शैतान हो र त्यसका हाँगाहरू सबै पापी हुन् । तिनीहरू सबै आगोमा जलाइनेछन् । यसले पापीहरूको दण्डलाई बताउँदछ । जसरी पानीले भिजेको पराल लामो समयसम्म जल्छ र सुकेको पराल छिटो जल्छ त्यसरी नै पापीहरूले दण्ड पाउनेछन् । तिनीहरू आफ्नो काम अनुसार दण्ड पाउनेछन् । किनभने यसो लेखिएको छ त्यो दिन आगोको भट्टी जस्तै दन्कनेछ र यो

अन्त्यको दिन हुनेछ । यूहन्नाले लेखेका छन् - *"जसको नाउँ जीवनको पुस्तकमा लेखिएको भेट्टाइएन त्यो अग्नि-कुण्ड फालियो ।" (प्रकाश २०:१५) ।*

*"मृत्यु र पाताल अग्नि-कुण्डमा फालिए । यो अग्नि-कुण्ड दोस्रो मृत्यु हो ।" (प्रकाश २०:१४) ।*

*"तर डरपोकहरू, अविश्वासीहरू, घिनलाग्दा भएकाहरू, हत्याराहरू, व्यभिचारीहरू,जादुगरहरू, मूर्तिपुजकहरू र झुटा बोल्नेहरू सबैको हिस्सा आगो र गन्धक दन्कने कुण्डमा हुनेछ । यो दोस्रो मृत्यु हो ।" (प्रकाश २१:८) ।*

सदोम र गमोराको हालत के भयो ? कसैले निभाउन नसक्ने आगोले भष्म पाऱ्यो र जबसम्म आगोले सबैकुरा भष्म परेन तबसम्म आगो बलिरह्यो । पवित्र धर्मशास्त्र बाइबलले यसो भन्दछ-*"जसरी सदोम र गमोरा र तिनका आसपासका सहरहरू, जुनहरू व्यभिचार गरेर अस्वभाविक काम वासनामा फसेका थिए, तिनीहरू अनन्त अग्निको दण्ड भोगेर उदाहरण बनेका छन् ।" (यहूदा ७) ।*

त्यहाँ अनन्तको अग्निद्वारा जलाइए भनेर भनेका छन् । आफ्नो पापको कारणले तिनीहरू नष्ट भएका छन् र ती शहरहरू अहिलेसम्म जलिरहेको छैनन् । जब सबैकुरा जलेर भष्म भयो तब मात्र आगो निभ्यो । प्रेरित पत्रुसले सदोम र गमोराको उदाहरण दिएर अन्तको दिनको बारेमा लेखेका छन् -*"उहाँले सदोम र गमोरा सहरहरूलाई भष्म पारेर तिनको अस्तित्व नै मेटाइदिनुभयो, र भक्तिहीनहरूका सामु तिनीहरूलाई एक उदाहरण बनाउनुभयो ।" (२ पत्रुस २:६) ।*

## यो सजाय भविष्यमा दिइनेछ

यस बारेमा येशू भन्नुहुन्छ -

*"जसरी सामा उखलेर आगोमा भष्म गरिन्छ, युगको अन्त्यमा पनि त्यस्तै हुनेछ । मानिसको पुत्रले आफ्ना दूतहरू पठाउनेछ, र पाप गर्न लाउने प्रत्येक थोक र दुष्ट काम गर्नेहरू सबैलाई तिनीहरूले उसको राज्यबाट बटुल्नेछन् । र उनीहरूलाई आगोको भट्टीमा फालिदिनेछन् । त्यहाँ मानिसहरूरूनेछन् र दाह्रा किट्नेछन् ।" (मत्ती १३:४०-४२)*

हामीले हेऱ्यौ कि सजाय अन्त्यको दिनमा आउनेछ । पापीहरू अनन्तको निम्ति आगोमा जल्ने छैनन् तर तिनीहरूले आफ्नो काम अनुसार प्रतिफल पाउनेछन् । तर खेदको कुरा क्याथोलिक चर्चको शिक्षा प्रोटेस्टेन्ट चर्चमा पनि फैलिएको छ । शैतानको अन्तिम सजायको बारे यसो लेखिएको छ -



*"तेरा धेरै पापहरू र बेइमान व्यापारद्वारा तैले तेरा पवित्र स्थानहरूलाई विटुलो पारेको छस् । यसैले गर्दा मैले तँबाट एउटा आगो निकालिदिएँ, र त्यसले नै तँलाई भष्म पाऱ्यो । तँलाई नियालेर हेर्नेहरू सबैका दृष्टिमा मैले तँलाई जमिनमा खरानी तुल्याइदिएँ । जाति-जातिहरूमा तँलाई चिन्नेहरू तँलाई देखेर भयभित हुन्छन् । तँ एक डरलाग्दो अन्त्यमा आइपुगेको छस्, र तँ फेरि कहिल्यै रहनेछैनस् ।" (इजकिएल २८:१८, १९) ।*

क्याथोलिक चर्चले सिकाएको जस्तै अनन्त यातना भन्ने कुरा छैन । पापीहरूको यातना । सजाय तिनीहरूको मृत्युसँगै समाप्त हुनेछ । आगो तबसम्म निभ्दैन जबसम्म सजाए अन्त्य हुँदैन । अनन्त यसकारण भनिएको छ कि जबसम्म सजाय सिद्धिदैन र त्यसको प्रतिफल अनन्तको हुनेछ । शैतानको कामको अन्त्य हुन्छ भनेर परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ । सबै पापीले आफ्नो पाप अनुसारको प्रतिफल पाउनेछन् । त्यसपछि परमेश्वरले नयाँ स्वर्ग र नयाँ पृथ्वीको सृष्टि गर्नुहुनेछ । प्रेरित पत्रुसले यसो लेखेका छन् -

*"तर उहाँको प्रतिज्ञा बमोजिम हामी नयाँ स्वर्ग र नयाँ पृथ्वीको बाटो हेर्छौं, जसमा धार्मिकताले बास गर्छ । यसकारण प्रिय हो, तिमीहरू यी कुराको प्रतीक्षा गर्नेहरू भएका हुनाले, उहाँको दृष्टिमा तिमीहरू दाग वा खोट नभएकाहरू र शान्तिमा बस्नेहरू हुन प्रयत्न गर ।" (२ पत्रुस ३:१३-१४)*

यूहन्ना पनि पत्रुससँग एउटै निष्कर्षमा आएका छन्-

*"तब मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें, किनकि पहिलो आकाश र पहिलो पृथ्वी बितिगएका थिए । समुद्र त अब छँदैथिएन् ।" (प्रकाश २१:१)*

अनन्त यातनाको शिक्षा सिकाउनेहरूलाई यो प्रश्न गर्न चाहन्छौं कि जब पूरानो पृथ्वी र पूरानो स्वर्ग बितेर गयो र समुद्रको नामोनिशान नै छैन तब नर्कको के हालत भयो ? नर्क कहाँ गयो ?

यो नर्क पृथ्वीमा छैन किनभने पृथ्वी र पृथ्वीमा भएको सबै कुरा बितेर गएका छन् । पापको कुनै नामोनिसान नै छैन । सधैंको निम्ति परमेश्वरले पापको नाश गर्नुभएको छ । जब अनन्तको लागि पापको नाश हुन्छ तब परमेश्वरले नयाँ पृथ्वी र नयाँ स्वर्गको सृष्टि गर्नुहुनेछ । त्यहाँ भएको सबै कुरा राम्रा र शान्तमय हुनेछन् । अदनको बगैंचामा जस्तो व्यवस्था थियो त्यही व्यवस्थालाई फेरि स्थापित गर्नुहुनेछ । त्यहाँ हामी परमेश्वरसँग प्रत्यक्ष कुरा गर्नेछौं । त्यहाँ कुनै चोरहरू, कुरा काट्नेहरू, हत्याराहरू, सैनिकहरू, दुःख, पीडा वा आँसुहरू हुने छैन । पवित्र धर्मशास्त्र बाइबलले नयाँ पृथ्वीको वर्णन यसरी गर्छ -

*"उहाँले तिनीहरूको आँखाको आँशु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन । किनकि पहिलेका कुराहरू बितिसकेका छन् ।" (प्रकाशः २१:४) ।*

यदि पापीहरू अनन्तको यातनामा तड्पिरहने भएको भए तिनीहरू कहाँ हुन्थे होला - किनकी पूरानो पृथ्वी बितेर जानेछ र नयाँ पृथ्वीमा शोक, पीडा, आँसु र यातना हुने छैन । धर्मीहरू नयाँ पृथ्वीमा बस्नेछन् । जो जहिले यो पुस्तक पढ्नेछन्, उनीहरूको निम्ति हामी प्रार्थना गर्न चाहन्छौं र पवित्र आत्माको अगुवाइमा एक असल जीवन बिताउन् र जब येशू ख्रीष्ट दोस्रो समय आउनुहुनेछ तब उहाँले नयाँ पृथ्वीमा उनीहरूलाई बास गर्न दिउन् ।

अनन्त यातनाको शिक्षा डरमा आधारित छ । यसकारण यो शिक्षालाई त्याग्नुहोस् । परमेश्वरको प्रेमसँग यो शिक्षाको केही पनि सम्बन्ध छैन । येशू केवल हाम्रो भलाई चाहनुहुन्छ । येशूले शैतानलाई काम गर्ने मौका दिनुभयो ता कि सबैले शैतानको असली रूप हेरून् । परमेश्वरले कसैलाई पनि बलजफ्ती गर्नुहुन्न । तर शैतान परमेश्वर जस्तो सहनशील छैन । जब सबै




कुराको प्रमाण पेश गरिन्छ तब परमेश्वरले शैतानलाई नाश गर्नुहुनेछ र तिनीहरूलाई पनि जो परमेश्वरको विरूद्ध विद्रोह गरेर पाप गरेका छन् । यसकारण हामी न्यायको दिनको प्रतिक्षामा छौ जब परमेश्वरले नयाँ स्वर्ग र नयाँ पृथ्वीको सृष्टि गर्नुहुनेछ । जहाँ धर्मीहरूले वास गर्नेछन् र त्यहाँ येशूको प्रेम, शान्ति र आनन्द छ ।

## शिक्षा नं. ८

क्याथोलिक चर्चले नाबालकहरूलाई बप्तिस्मा र मण्डली सदस्यको रूपमा स्वीकारी विधि सिकाउँछ । नाबालकको बप्तिस्माको जरा अगस्टीनको झुटो शिक्षामा गाडिएको छ । बालक पापसँग जन्मिन्छ भनेर ऊ विश्वास गर्थ्यो ।



त्यसकारण बालक बिरामी भएर मृत्यु हुनुभन्दा अगाडि पादरी (चर्च फादर) आएर बालकको शिरमा पानी छर्केर बप्तिस्मा दिन्थ्यो । तब यो विश्वास गरिन्थ्यो कि त्यो बालक इसाई भएको छ र त्यस बालकले मुक्ति पाएको छ । त्यो विधि अहिलेसम्म चल्दै आएको छ । तर त्यो सानो बालकले केही गल्ती गरेको हुँदैन । त्यस बालकलाई के सही हो के गलत केही पनि थाहा हुँदैन । असल र खराब के हो त्यो पछि गएर थाहा हुन्छ । पवित्र धर्मशास्त्र बाइबलले यो भन्छ -

*"तर पाप नै व्यवस्था भङ्ग हो ।" (१ यूहन्ना ३:८) । (यूहन्ना ३:४) ।*

*"त्यो प्राण जसले पाप गर्छ, त्यही मर्छ । छोराले बुबाको दोषको फल भोग्नेछैन, न त बुबाले छोराको दोषको फल भोग्नेछ ।" (इजकिएल १८:२०)*

यो पदले स्पष्ट रूपमा भन्छ कि बालकले आफ्नो आमा-बुबाबाट पाप लिएर आउँदैन । जब मानिसले असल र खराब छुट्याउन सक्छ तब मात्र ऊ आफ्नो पापको जिम्मेवार हुन्छ । त्यसकारण बालकसँग पापको पूरानो जीवन हुँदैन, जसबाट उसले छुटकारा पाउनु पर्छ । जबसम्म बालक ठूलो हुँदैन तबसम्म बालक निर्दोष हुन्छ । त्यसकारण बाल बप्तिस्मा जरूरी छैन र यो बाइबल विरूद्ध छ । सत्य कुरा के हो भने त्यो बालक यस संसारमा आएको छ र आफ्नो आमा-बुबाको पापी चरित्र लिन्छ र जुन न्याय आदमको भएको थियो त्यो बालक पछि त्यही न्यायको भागीदार हुन्छ-

*"तँ माटै होस् र माटोमा फर्किजानेछस् ।" (उत्पत्ति ३:१९) ।*

तथापी बालकको मुक्तिको कार्यलाई नकार्नु हुँदैन जुन ख्रीष्टले हामी सबैको लागि ल्याउनुभएको छ । जब आमाले आफ्नो बालहरू येशूकहाँ ल्याए तब येशूले भन्नुभयो -

*"सानामा बाल-बालिकाहरूलाई मकहाँ आउन देओ, तिनीहरूलाई नरोक, किनभने परमेश्वरको राज्य यस्तैहरूको हो ।...र तिनीहरूलाई आशीर्वाद दिनुभयो ।" (मर्कूस १०:१३-१६) ।*

येशूले उनीहरूलाई बप्तिस्मा दिनुभएन तर आशिष दिनुभयो र हामीले पनि यस्तै गर्नुपर्छ । बाल बप्तिस्माको पछाडि उसको आमाबुबाको अन्धविश्वास छ कि त्यो बालक आफैंले आफ्नो विश्वासको पुष्टी गर्न सक्दैन । तर बाइबलले यो भन्छ -

*"जे सुनिएको छ, त्यसैबाट विश्वास आउँछ र परमेश्वरको वचन सुनेपछि आउँछ ।" (रोमी १०:१७) ।*

शिशु वा नाबालकले प्रचार गरेको वा बोलेको केही बुझ्दैनन् त्यसकारण आफ्नो विश्वासको पुष्टी गर्न सक्दैनन् । हामीले यो पनि पढेका छौं-

*"विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछन् ।" (मर्कूश १६:१६) ।*

यसकारण बप्तिस्मा लिने हरेकसँग आफ्नो व्यक्तिगत विश्वास हुन जरूरी छ । यसकारण बच्चाको तर्फबाट आमाबुबाले चालेको कदम गलत हो । स्वीकारको विधिको समयमा त्यस बालकका आमाबुबा र पादरीले भन्छन् कि त्यो बालकले भविष्यमा आफ्नो विश्वास बढाउनेछ तर त्यसको कुनै ग्यारेन्टी छैन ।

आउनुहोस् बाइबलबाट बप्तिस्माको केही उदाहरण हेरौ - यो कुरा जानिराखौं कि विश्वास एकदम महत्वपूर्ण छ । जब फिलिपले इथोपियाको नपुंसकलाई प्रचार गरे तब त्यस नपुंसकले फिलिपलाई भने-

*"अनि उनीहरू बाटोमा जाँदाजाँदै केही पानी भएको एउटा ठाउँनेर आइपुगे । ती नपुंसकले भने, हेर्नुहोस् यहाँ पानी रहेछ, मलाई बप्तिस्मा हुनदेखि केले रोक्न सक्छ? फिलिपले भने "यदि सारा हृदयले नै विश्वास गर्नुहुन्छ भने तपाईंले बप्तिस्मा लिन सक्नुहुन्छ ।" तिनले जवाफ दिए "येशू ख्रीष्ट नै परमेश्वरका पुत्र हुनुहुन्छ भनी म विश्वास गर्दछु ।" तिनले रथ रोक्न आज्ञा दिए, अनि फिलिप र ती नपुंसक दुवै पानीमा ओर्ले, र उनले तिनलाई बप्तिस्मा दिए ।" (प्रेरित ८:२६-३८) ।*

जब सामरियामा फिलिपले प्रचार गरे, त्यस सन्देशमा धेरैले विश्वास गरे । फिलिपको प्रचारको परिणाम बाइबलले यसरी भन्दछ–

*"तर जब तिनीहरूले परमेश्वरको राज्य र येशू ख्रीष्टको नाउँको सुसमाचार सुनाउने फिलिपका कुरामा विश्वास गरे, तब पुरुष र स्त्रीहरूले बप्तिस्मा लिए ।" (प्रेरित ८:१२) ।*

यहाँ पुरुष र स्त्रीहरूले बप्तिस्मा लिए, बालकले होइन, हामीले बाइबलमा झ्यालखानाको हाकिम र तिनको पूरा परिवारले विश्वास गरेर बप्तिस्मा लिएको पढेका छौं । कसैले भन्छन् त्यहाँ बालकहरूले पनि बप्तिस्मा लिए तर हामीले त्यसको संकेत कहीं पनि पाएका छैनौं । तर जसले सुसमाचार सुनेर विश्वास गरेर बप्तिस्मा लिए तिनीहरूले येशू ख्रीष्टलाई आफ्नो व्यक्तिगत मुक्तिदाता भनेर स्वीकार गरे भनेर बाइबलले भन्दछ । यस कथाबारे हामी यसरी पढ्छौं–

*"तिनीहरूलाई बाहिर ल्याएर उनले भने, उद्धार पाउनलाई मैले के गर्नुपर्छ ?" अनि तिनीहरूले भने "प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुहोस् र तपाईंले उद्धार पाउनुहुनेछ तपाईं र तपाईंका परिवारले ।" तिनीहरूले उनलाई र उनको घरमा भएका जति सबैलाई प्रभुको वचन सुनाए । तब रातको त्यही घडी उनले तिनीहरूलाई लगेर घाउ धोइदिए । अनि उनी र उनका परिवारले तुरुन्तै बप्तिस्मा लिए । त्यसपछि तिनीहरूलाई घरमा ल्याएर तिनीहरूका सामने भोजन राखिदिए, र परमेश्वरमा विश्वास गरे भन्ने कुरामा उनका सारा परिवारसँग उनी आनन्दित भए ।" (प्रेरित १६:३०-३४) ।*

यहाँ पावलले झ्यालखानाको हाकिम र उनको पूरा परिवारसँग कुरा गरिहेको हामी पाउँदछौं । तिनीहरूले विश्वासद्वारा ख्रीष्टलाई स्वीकारे र बप्तिस्मा लिए । यदि त्यहाँ बालकहरू भएको भए पनि तिनीहरू ठूलो भइसकेका थिए र तिनीहरूले पावलको कुरा बुझ्न सकेको थिए । बप्तिस्माद्वारा मानिसले येशूको बलिदान, दफन र पुनरूत्थानलाई स्वीकारेको हुन्छ । बप्तिस्मामा मानिसको पापी चरित्र ख्रीष्टमा दफन हुन्छ र ख्रीष्टमा नयाँ जन्म हुन्छ भनेर संकेत गराउँदछ ।

बप्तिस्मा भन्ने शब्द ग्रीक शब्द ब्याप्तिजोबाट लिइएको हो जसको अर्थ हो "पानीमा डुब्नु" । बप्तिस्माद्वारा हामी ख्रीष्टमा नयाँ जीवन पाउँछौं । यहाँ पवित्र धर्मशास्त्र बाइबलले यसो भन्दछ–

*"के तिमीहरू जान्दैनौ हामी सबै, जतिले ख्रीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं ? यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरूबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिंड्न सकौं ।" (रोमी ६:३-४) ।*

यो पदले भन्दछ कि मानिस बप्तिस्मामा पानीमा डुब्दा सांङ्केतिक रूपमा उ दफन हुन्छ र ख्रीष्टमा नयाँ जीवन प्राप्त गर्छ । यो कुरा पानी छर्केर गरिने बप्तिस्मा वा बाल बप्तिस्मामा हुँदैन ।

पवित्र धर्मशास्त्र बाइबलले बप्तिस्मालाई "शुद्ध विवेकको निम्ति परमेश्वर तर्फको एउटा प्रतीज्ञा" भनेर बाख्या गर्दछ –

*"यही पानी बप्तिस्माको एउटा रूप हो, जसले तिमीहरूलाई बचाउँछ । यो शरीरको मैला हटाएजस्तो होइन, तर शुद्ध विवेकको निम्ति परमेश्वरतर्फको एउटा प्रतिज्ञा हो । यसले मृतकबाट भएको येशू ख्रीष्टको पुनरूत्थानद्वारा तिमीहरूलाई बचाउँदछ ।" (१ पत्रुस ३:२१) ।*

यदि हामी कसैसँग सम्झौता गर्दैछौं भने हामी सम्झौता पत्रमा हस्ताक्षर गर्नुभन्दा अगाडि त्यस सम्झौतापत्रमा रहेको सबै नीति नियम र करारको बारेमा जान्न जरूरी हुन्छ । बप्तिस्मा पनि यस्तै नै हो । बप्तिस्मा लिनुभन्दा अगाडि हामीले बाइबल पढ्न जरूरी छ । प्रार्थना गर्न र बप्तिस्माको नीतिनियम जान्न

जरूरी छ । यसकारण हामी यसलाई विश्वासद्वारा बप्तिस्मा भन्छौं । बप्तिस्मा लिनुभन्दा अगाडि हामीले निर्णय लिन जरूरी छ । त्यो निर्णय प्रार्थनाद्वारा परमेश्वरमा अघि बढ्न र येशूलाई पछ्याउनको लागि जरूरी छ । बप्तिस्मा भित्री रूपमा सुरु भएको परिवर्तनको बाहिरी संकेत हो ।

नाबालकलाई मण्डली सदस्यको रूपमा स्वीकारिने (Confirmation) विधिलाई क्याथोलिक चर्चले तेह्रौ शताब्दीमा सुरुवात गरेको थियो । तर वास्तविकरूपमा एकदम थोरै मात्र येशू ख्रीष्टलाई आफ्नो मुक्तिदाता भनेर स्वीकार गरेका छन् । यसको मतलब यो विधिले आफ्नो उद्देश्य प्राप्त गरेको छ । मार्टिन लुथरले यो विधिलाई इन्कार गरेका थिए र नाटक भनेका थिए । यो छल गर्ने एउटा विधि थियो । तिनीहरूले एक अर्कासँग बाचा स्वीकार त गर्थे तर त्यसमा बाचा पूरा कसैले पनि गरेनन् । लुथरले स्वीकारको विधिलाई नकारेका थिए र यो कदम नर्वेमा ई.सं. १७३६ मा सुरुवात गरियो ।

बाल बप्तिस्मा र स्वीकारको विधि मानिसले राखेको विधि हुन् । तिनीहरू बाइबल विरूद्ध छन् । शैतान यसरी नै काम गर्छ । उसले बाइबलको शिक्षालाई झुटो शिक्षाद्वारा स्थापित गर्न खोज्छ ।

बाइबलले एउटै प्रभु, एउटै विश्वास र एउटै बप्तिस्मा भनेर सिकाउँदछ । साँचो बप्तिस्मा पानी छर्केर वा बाल बप्तिस्मा होइन भनेर हामीले हेरेका छौं । तर साँचो बप्तिस्मा विश्वासद्वारा जब मानिसले सुसमाचार सुनेर येशूलाई ग्रहण गरेर हुन्छ । जो मान्छेले बप्तिस्मा लिन्छ उसले येशूलाई उदाहरण बनाएर जिउनुपर्छ । येशूले ३० वर्षको उमेरमा यर्दन नदीमा बप्तिस्मा लिनुभयो । येशूले पाप गर्नुभएको थिएन । त्यसकारण बप्तिस्माको खाँचो उहाँलाई थिएन् । तर येशूले बप्तिस्मा लिएर उदाहरण दिनुभएको थियो ताकि हामी उहाँको कदममा हिँड्न सकौं (मत्ती ३:१३-१७, १ पत्रुस २:२१)।

हामीले हेर्‍यौ कि कसरी बप्तिस्मामा मानिस पानीमा दफन भएर ख्रीष्टमा पुनरूत्थान भएर नयाँ जीवन जिउँछ । हामीले बप्तिस्मा बाइबलीय वचनको आधार लिनुपर्छ । क्याथोलिक चर्चको आधारमा होइन, जो मानिसले बाल-बप्तिस्मा र स्वीकारको विधिमा भाग लिएर मुक्तिको आशा गर्छन् तब उनीहरू धोकामा बसिरहेका हुन्छन् । तिनीहरूले बाइबलीय बप्तिस्माको अनुभव गरेको हुँदैन, जुन परमेश्वरको वचनमा आधारित हुन्छ । जो जतिले परमेश्वरको वचन पालन गरेर येशूलाई पछ्याउँछन् तिनीहरूले बाइबलीय बप्तिस्मामा भाग लिन्छन् । येशूले भन्नुभयो -



*"साँच्चै म तिमीलाई भन्दछु, कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन् ।" (यूहन्ना ३:५) ।*

येशूले भन्नुभयो यदि जबसम्म हामी पानी र आत्माद्वारा बप्तिस्मा लिदैनौं तबसम्म हामी परमेश्वरको राज्यमा प्रवेश गर्न सक्दैनौं । यसकारण येशूले भन्नुभएको बप्तिस्मामा भाग लिऔं र विश्वासद्वारा बप्तिस्मा लिऔं । बाल-बप्तिस्मा र स्वीकारको विधि हैन । त्यो सब मानिसलाई छलमा राख्ने काम हो ।

## शिक्षा नं. ९

चर्चको परम्पराहरू जस्तै बप्तिस्मा, पश्चात्तापको विधि, प्रभु भोजमा भाग लिंदा मुक्ति पाइन्छ भनेर क्याथोलिक चर्चले सिकाउँदछ । लुथर जब क्याथोलिक थिए तब तिनले यो सबै विधि अपनाएका थिए र पालन गर्थे । एक दिन जब ऊ पिलातुसको सिंढीमा घुँडाले हिड्दै थिए तब उसले यो सुन्दर पद याद गरे-

*"तर धर्मी चाहिँ आफ्नो विश्वासद्वारा बाँच्नेछ ।" (रोमी १:१७)*

तब लुथर होसमा आफ्नो खुट्टामा उभिए र "अरू त मुक्तिको लागि सिंडीमा घुँडाले टेकेर हिँडिरहेको रहेछु" भनेर बुझ्न पुगे उसको क्याथोलिक शिक्षाले उसलाई कामद्वारा बचाउँछ भनेर उसले सोचेको थियो । तर उसको मनमा नयाँ ज्योति उदाइसकेको थियो । यस संसारको मुक्तिदाता येशूमाथि विश्वासद्वारा मुक्ति पाइन्छ भनेर उनले बुझे । कामले हामीलाई बचाउने हैन तर काम त विश्वासको फल रहेछ भनेर बुझे (मत्ती ५:८), जब लुथरले यो विषयमा अध्ययन गर्न थाले तब उसले धेरै महत्वपूर्ण पदहरू बाइबलमा पाए जसले येशू ख्रीष्टमाथिको विश्वासले धर्मी ठहरिन्छ भनी भन्थे, जब हामी हाम्रो पापी चरित्रमा येशूकहाँ आउँछौं तब हामीले हाम्रो पाप स्वीकार्नु पर्छ, पश्चात्ताप गर्नुपर्छ र क्षमा माग्नुपर्छ तब येशूले हाम्रो पाप क्षमा गरीदिनुहुनेछ र आफ्नो अनुग्रहबाट आफ्नो धार्मिकता हामीलाई दिनुहुन्छ जसको हामी लायक थिएनौं वा छैनौं । यो कुराबाट लुथरको मनलाई कति शान्ति मिल्यो होला त्यसको कल्पना गर्नुहोस् । यदि तपाँईं हामीले परमेश्वरको योजनामा हिँड्यौं भने तपाईं र मैले यो स्वतन्त्रताको अनुभव गर्न सक्छौं । आउनुहोस् विश्वासको बारेमा पवित्र धर्मशास्त्र बाइबलले के भन्छ सो हामी हेरौं-

*"अब विश्वास चाहिँ आशा राखिएका कुराको निश्चय र नदेखिएका कुराको दृढ़ भरोसा हो ।" (हिब्रू ११:१) ।*

*"जे सुनिएको छ, त्यसैबाट विश्वास आउँछ र परमेश्वरको वचन सुनेपछि आउँछ ।" (रोमी १०:१७) ।*

*"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ता कि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् । किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो ।" (यूहन्ना ३:१६, १७) ।*

*"तर परमेश्वर, जो कृपामा धनी हुनुहुन्छ, उहाँले आफ्नो महान् प्रेमद्वारा हामीलाई प्रेम गर्नुभयो, यसकारण पापमा हामी मरेको भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो- अनुग्रहबाट नै तिमीहरूले उद्धार पाएका छौ । र उहाँसँग हामीलाई उठाउनुभयो, अनि स्वर्गीय स्थानहरूमा ख्रीष्ट येशूसँग बसाल्नुभयो । यो चाहिँ ख्रीष्ट येशूमा हामीप्रति उहाँको दयामा आफ्नो अनुग्रहको असीम सम्पत्ति आउँदा युगहरूमा देखाउनलाई हो । किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ र यो तिमीहरू आफैंबाट होइन, यो त परमेश्वरको वरदान हो ।*

*कर्महरूद्वारा होइन, नत्र मानिसले घमण्ड गर्नेछ । किनकी हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं । हामी ती बमोजिम हिँडौं भन्ने हेतुले परमेश्वरले पहिलैबाट ती तयार गर्नुभएको थियो ।" (एफिसी २:४-१०) ।*

*"विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ ।" (मर्कूश १६:१६)*

## त्यसो भए कामले के भूमिका निर्वाह गर्छ ?

हामीले यो पढ्यौ कि -

*"किनकी हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं । हामी ती बमोजिम हिँडौं भन्ने हेतुले परमेश्वरले पहिलैबाट ती तयार गर्नुभएको थियो ।" (एफिसी २:१०)*

जब परिवर्तनको सन्देशको बारेमा बप्तिस्मा दिने यूहन्नाले भनेका छन्-

*"त्यसकारण पश्चात्ताप सुहाउँदो फल फलाओ ।" (मत्ती ३:८) ।*

याकूबले लेखेका छन् -

*"यसरी विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो विश्वास मृत हो ।" ( याकूब २:१७) ।*



काम विना विश्वास मृत हो र राम्रा कामहरू विश्वासको फलहरू हुन् । विश्वासद्वारा हाबिलले कयिनभन्दा उत्तम बली चढाए । विश्वासद्वारा नोआले जहाज निर्माण गरे । विश्वासद्वारा तिनीहरूले यो सब गरे । विश्वासद्वारा धार्मिकता भनेको यही हो । जब हामी ख्रीष्टको धार्मिकतालाई स्वीकार गर्छौ तब हामी उहाँको लागि धर्मी जीवन जीउन सकौं भनेर प्रार्थनाद्वारा शक्ति माग्नुपर्छ । तब हामी उहाँको निम्ति साँचो गवाही बन्नसक्छौं ।

*"उहाँ धार्मिक हुनुहुन्छ भन्ने कुरा यदी तिमीहरूले जान्यौ भने यो कुरा तिमीहरूलाई निश्चय होस् कि धार्मिक काम गर्ने हरेक परमेश्वरबाट जन्मेको हुन्छ ।" (यूहन्ना २:२९) ।*

*"साना बालकहरू, कुनै मानिसले तिमीहरूलाई छल्न नपाओस् । जसले ठीक काम गर्छ, त्यो धार्मिक हो, जस्तो उहाँ धार्मिक हुनुहुन्छ ।" (१ यूहन्ना ३:७)।*

धर्मी जीवन जिउने र असल फल फलाउने क्षमता हामीमा हैन तर विश्वासीभित्र रहेर येशूको शक्तिमा हुन्छ । प्रेरित पावलले लेखेका छन्-

*"किनकि तिमीहरूलाई उहाँको असल अभिप्राय अनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरूमा काम गर्नुहुन्छ ।" (फिलिप्पी २:१३)*

जब लुथरले विश्वासद्वारा धार्मिकताको बारेमा प्रचार गरे तबदेखि क्याथोलिक चर्च र लुथरन चर्चको बीच विवाद हुँदै आएको छ । धेरै विवाद, छलफल, कुटनीति, प्रार्थना पछि ई.सं. १९९९ मा तिनीहरूले संयुक्त रूपमा विश्वासद्वारा धार्मिकताको विषयमा दस्तावेज निकाले । यो दस्तावेजमा अक्टुबर ३१, १९९९ मा हस्ताक्षर भएको थियो जुन विटेनवर्ग चर्चको ढोकामा लुथरले आफ्नो पर्चा टाँसेको ४८२ वर्ष पछि थियो । त्यस पर्चामा उनले विश्वास केवल विश्वासद्वारा धार्मिकताको बारेमा जोड़ दिएका छन् र यो रोमन क्याथोलिक मण्डलीसँग गरिएको संयुक्त दस्तावेजले लुथरन चर्चलाई रोममा सामेल गरायो र रोमन क्याथोलिक चर्चको परम्परामा जोड़ दिने स्थानमा त्यसलाई हुत्याईदियो ।

## प्रोटेस्टेन्टहरूले सम्झौता गरे, रोमले होइन

विटेनवर्ग घटनाको पाँचसय वर्ष भइसक्यो, र अहिले हामीले हेर्दछौ कि क्याथोलिक चर्च र प्राटेस्टेन्टहरूले सँगै मिलेर सम्झना सभा एकता मनाएँ । लुथरको योगदानलाई तिनीहरूले बिर्सेका छन् र तिनीहरूको व्यवहारमा परिवर्तन आएको छ र भन्दछन् कि अहिलेको समय नयाँ हो र विश्व शान्तिको

लागि एकताको जरूरी छ भन्दछन् । त्यो एकता संयुक्त प्रार्थनाबाट पाइन्छ भन्ने धारणा छ । त्यो शान्ति मण्डलीय एकताको कुटनीति र बहुमतबाट आउँछ भनेर भन्दछन् । येशूले भन्नुभयो-

*"शान्ति म तिमीहरूसँग छोडिराख्छु । म आफ्नो शान्ति तिमीहरूलाई दिन्छु । संसारले दिए जस्तो म तिमीहरूलाई दिंदिनँ ।" (यूहन्ना १४:२७)*

जब हामी येशू खीष्टलाई आफ्नो मुक्तिदाता मानेर पापबाट क्षमा माग्छौ तब साँचो शान्ति हाम्रो मनमा आउँदछ । जब मानिसले यो निर्णय लिन्छ तब यस जीवनमा परमेश्वरमा अगाडि बढ्न पवित्र आत्माबाट शक्ति पाउँदछ । यो संसारले साँचो शान्ति दिन सक्दैन । जसले रोमको तरिकाहरू अपनाएर परमेश्वरको विरुद्धमा जान्छन् तिनीहरू कहिल्यै पनि यो भित्री शान्तिको महशुस गर्दैनन् । साँचो शान्ति केवल येशूले मात्र प्रदान गर्न सक्नुहुन्छ । हामीले उहाँलाई व्यक्तिगत मुक्तिदाता भनी स्वीकार गरेर उहाँप्रति आज्ञाकारी हुन जरूरी छ । उहाँको शक्तिद्वारा हामी साघुँरो बाटोबाट हिंड्न सक्षम् हुन्छौं ।

सुधारवादीहरूले येशूमा मुक्ति छ भनी स्वीकार गर्नुको मतलब के हो हुनत तिनीहरू कुनै एकले सबै कुरा बुझेका थिएनन् तर परमेश्वरले समय अनुसार ज्योति दिंदै हुनुहुन्थ्यो । एनाब्याप्टिस्टहरूले जस्तैः (ANABAPTIST) बप्तिस्माको अर्थ बुझेका थिए । अनुग्रहको अर्थ लुथरले बुझेका थिए । आज्ञाकारीताको अर्थ जोन हसले बुझेका थिए । पवित्रीकरणको महत्व वेसलीले बुझेका थिए ।

बाइबलको महत्व वालडेन्सीहरूले बुझेका थिए । येशूको दोस्रो आगमनको महत्व मिलरले बुझेका थिए ।

## हामीले के बुझेका छौं त ?

हामीले यो सबै कुराको बारेमा अलिअलि जानेका छौ । अब यो सबै कुरालाई गहन रूपमा हेर्ने समय आइसकेको छ । यसकारण हामीले सत्य कुरा प्रचार गर्नुपर्छ । हामीले विश्वास, अनुग्रह, मुक्ति, खीष्टमा जीवन, पवित्र आत्माको फल, येशूको दोस्रो आगमन जस्ता विषयमा प्रचार गर्न जरूरी छ ।

### शिक्षा नं. १०

परमेश्वरको दश आज्ञामा क्याथोलिक चर्चले परिवर्तन ल्याएको छ । दु:खको कुरा, लुथरले आफ्नो शिक्षामा क्याथोलिक चर्चको १० आज्ञा राखेका



थिए । तिनी क्याथोलिक भएर हुर्केका कारण क्याथोलिक चर्चले दश आज्ञामा छेडखानी गरेको छ भन्ने पत्तो पाएनन् ।

क्याथोलिक चर्चले दोस्रो आज्ञालाई हटाएर दसौं आज्ञालाई दुई भागमा विभाजन गरेका छन् । र, त्यतिमात्र होइन तिनीहरूले चौथो आज्ञाबाट केही कुरा निकालेकाछन् । विश्वको इतिहासमा सायद सबैभन्दा ठूलो धोका यो होला । तर धेरैले क्याथोलिक चर्च इसाई चर्च हो भनेर विश्वास गर्छन् । साँचो इसाईले क्याथोलिक चर्चले जस्तो परमेश्वरको आज्ञामा हेरफेर गर्दैन तर खीष्टको वचनमा केही घटीबढी नगरी खीष्टको पाइला पछ्याउँछन् । त्यसकारण हामीले लुथर र सुधारवादीहरूको कुरा ध्यानमा राख्नुपर्छ जब तिनीहरूले पोपले खीष्ट विरोधीको आचरण धारण गरेको छ भनेर देखाएका थिए र

मार्टिन लुथरले यसरी लेखेका छन्-

*"मैले पहिले पोप खीष्टको प्रतिनिधि हो भनेको थिए तर म अहिले भन्छु कि पोप खीष्ट विरोधी हो र शैतानबाट प्रेरणा पाउँछ ।" (डि. अंबीग्रे, किताब ७ अध्यय ६) ।*

जब पोपले गरेको बहिष्कारको आदेश लुथरले पाए तब उसले भने-

*"म यस्तो झुटो तन्त्रलाई तिरस्कार गर्छु र अस्वीकार गर्छु । किनभने यसले खीष्टलाई दोषी ठहऱ्याएको छ । म सत्यको लागि यस्तो दोषलाई सहन पाउँदा खुसी हुन्छु । म मेरो मनमा पहिलादेखि नै स्वतन्त्रताको महशुस*



*गर्दैछु र म यो कुरामा अडिग छु कि पोप ख्रीष्टविरोधी हो र त्यसको सिंहासन स्वयम् शैतानको हो ।" (डि. अंब्रिग्रे, किताब ६, अध्याय ९) ।*

लुथरन विश्वासीहरू मध्य कति जना आज यो कुरा मान्न तयार छ ? के यो कुरालाई अर्को ढंगबाट सोच्दा के लुथरन विश्वासीहरूख्रीष्ट विरोधी भएनन् र जब तिनीहरूले रोमन क्याथोलिक रितिअनुसार आईतबारलाई शबाथ दिन अथवा विश्राम दिन मान्दाखेरी ?

पहिले भने जस्तै, पोपतन्त्रले चौथो आज्ञाबाट केही अंशहरूलाई हटाएको छ । दश आज्ञाले यसो भन्छ–

*"शबाथ दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू । छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै कामहरू गर्नू तर सातौ चाहिँ दिन परमप्रभु तिमीहरूको परमेश्वरको निम्ति शबाथ दिन हो । त्यसमा तिमीहरूले केही काम नगर्नू, न त आफ्नो छोराले, न छोरीले, न कमरा-कमारीले, न गाई-वस्तुले, न मूल ढोकाभित्र भएको परदेशीले केही काम गरोस् ।*

*किनकी छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएको सबै थोक बनाउनुभयो, तर सातौ दिनमा चाहिँ विश्राम गर्नुभयो । त्यसकारण परमप्रभुले शबाथ दिनलाई आशिष दिनुभयो र त्यसलाई पवित्र गर्नुभयो ।" (प्रस्थान २०:८-११)*

तर क्याथोलिक शिक्षाको दश आज्ञाले चौथो आज्ञामा शबाथ दिनको बारेमा हेरफेर गरेको छ । सातौ दिन शबाथ दिन हो भनेर लेखिएको छैन । धेरै मानिसहरूलाई यो कुरा थाहा छ कि येशूको शुक्रबारको दिन मृत्यु भयो । बाइबलले शबाथ दिनभन्दा अगाडिको दिन शुक्रबारको दिनलाई तयारीको दिन भनेर स्पष्ट पारेको छ । (मर्कूश १५:४२-४३) । शुक्रबारको दिन पछाडिको दिन शबाथ दिन हो । बाइबलीय आधारमा हप्ताको अन्तिम दिन शबाथ दिन हो । जब येशूले चिहानमा विश्राम लिनुभयो, त्यसरी नै आज्ञानुसार चेलाहरू भेला भएर विश्राम लिएका थिए । (लूका २३:५३-५६) त्यसपछिको अर्को दिन आईतबार हो । बाइबलीय आधार र हप्ताको पहिलो दिन आईतबार हो । र, त्यस दिन येशू मृत्युबाट बौरी उठ्नुभयो (मर्कूश १५:४२-४७, १६:१-६)।

जो कोहीले पनि ती पदहरू पढ्छन् तिनीहरूले स्पष्ट रूपमा बुझ्छन कि आईतबार बाइबलीय आधारमा हप्ताको पहिलो दिन हो र सातौं दिन शबाथ दिन हो । बाइबलीय आधारमा विश्राम दिन शबाथ दिन हो । येशूले सातौ दिन शबाथलाई विश्राम दिन भनेर स्थापना गर्नुभएको कारण सबैले शबाथ दिन पालना गर्न जरूरी छ । किनभने बाइबलले भन्दछ–



*"सबै थोक उहाँद्वारा नै बनिए ।" (यूहन्ना १:१-१४) ।*

बाइबलले यो पनि भन्दछ कि –

*"येशू नै शबाथको प्रभु हुनुहुन्छ ।" (मर्कूश २:२७-२८) ।*

यो पदले मानिसको निम्ति शबाथ दिनको सृष्टि भयोभनी भन्दछ । धेरैले नयाँ एकिकृत बाइबलको सारांशमा भनेझै यो शबाथ दिन यहूदीहरूको लागि मात्र हो भनेर विश्वास गर्दछन् । यो कुरा साचो हैन किन भने सृष्टिको समयदेखि शबाथ दिन रहँदै आएको छ । हामीले पढेका छौ कि परमेश्वरले ६ दिनमा सृष्टि गर्नुभयो र सातौ दिनमा विश्राम गर्नुभयो । यसकारण शबाथको उत्पति सृष्टिसँग जोडिएको छ येशूको पुनरूत्थानसँग होइन । येशूको पुनरूत्थान भएको दिन हप्ताको पहिलो दिन आईतबार हो किनभने येशूले शबाथको दिन चिहानमा विश्राम लिनुभएको थियो । येशूले सातौ दिन र पहिलो दिन विश्राम गर्नुभएन तर सातौ दिन विश्राम गर्नुभयो र पहिलो दिन बौरी उठ्नुभयो ।

येशूले शबाथ दिन पालन नगर्नू भन्ने आदेश दिनुभयो भनेर बाइबलमा कतैपनि लेखिएको छैन । यदि उहाँले सातौं दिनलाई इन्कार गरेर पहिलो दिनलाई शबाथ दिन भनेर मान्नुभएको भए त्यो कुरा बाइबलमा स्पष्ट हुने थियो तर त्यस्तो त बाइबलमा कतै पनि लेखिएको छैन । उहाँले दश आज्ञामा पनि परिवर्तन ल्याउनुहुन्थ्यो, जसमा सातौं दिन शबाथ दिन भनेर स्पष्ट लेखिएको छ । र बाइबलले यो कुरा स्पष्ट पारेको छ कि परमेश्वर कहिल्यै पनि बदलिनु हुन्न । *"येशू ख्रीष्ट हिजो, आज र सदासर्वदा एकसमान हुनुहुन्छ ।" (हिब्रू १३:८)*

*"किनभने म परमेश्वर हुँ र म कहिल्यै पनि परिवर्तित हुदिनँ ।" (मलाकी १३:६)*

*"घाँस ओइलाउँछ, फूलहरू झरिरहन्छ, तर हाम्रा परमेश्वरको वचन सधैँभरी अटल रहनेछ ।" (यशैया ४०:८) ।*

विश्राम दिनको आज्ञामा तिनीहरूले परिवर्तन गरेको छ भनेर क्याथोलिक चर्चले स्पष्ट रूपमा भनेको छ । यो कुरा हामी रोमन क्याथोलिक क्याटेकिजममा पढ्न सक्छौं । (रोमन क्याथोलिक विश्वास र सिद्धान्तसँग सम्बन्धित प्रश्नोत्तर को संगालो)

*प्रश्न : शबाथ दिन कुन दिन हो ?*

*उत्तर : शनिबारको दिन शबाथ दिन हो ।*

*प्रश्न : त्यसो भए हामी शनिबारको सट्टा आईतबार किन विश्राम दिन मान्छौं?*

*उत्तर : हामी शनिबारको सट्टा आईतबारलाई विश्राम दिन मान्छौ किनभने ई.सं. ३३६ मा भएको लाउडेकियाको सभामा क्याथोलिक चर्चले विश्राम दिन शनिबारबाट आईतबार सारेको हो ।*

*प्रश्न : के तपाईंसँग अर्को तरिका छ जसबाट तपाईं स्पष्ट पार्न सक्नुहुन्छ कि रोमन क्याथोलिक चर्चसँग परमेश्वरको आज्ञा बदल्ने अधिकार छ?*

*उत्तर : यदि चर्चसँग त्यस्तो अधिकार नभएको भए तिनले हप्ताको पहिलो दिनलाई शबाथ दिन भनेर सातौं दिनबाट बदलिन सक्ने थिएनन् होला यो अधिकारको बाइबलीय आधार नै छैन । यो परिवर्तनको लागि बाइबलबाट कुनै अधिकार नै छैन । तर रोमन क्याथोलिक चर्चले आफ्नो अधिकार प्रयोग गरी यो बदलाहट गरको हो ।*

*(स्रोतः डकट्रिनल क्याटेसिजम पृ. १७४ र डि. कर्न्भटस क्याटेसिजम अफ क्याथोलिक डकट्रिन पृ. ७७)*

यो कुरा रोचक छ कि आईतबार भनेको सूर्यको दिन हो । पुत्रको दिन होइन । सम्राट कन्सट्यानटिनले ई.सं. ३२१ मा आईतबारको दिनलाई विश्राम दिन भनेर कानून निकालेका थिए ।

*"सबै न्यायपालहरू, शहर निवासीहरू, सबै व्यवसायीहरू सूर्यको दिनमा विश्राम गर्नु तर जो मानिस गाउँमा बसेका छन् तिनीहरूसँग खेतमा काम गर्ने पूरा स्वतन्त्रता र अधिकार छ ।" (इसाई चर्चको इतिहास, पाँचौ संस्करण, भाग ३, पृष्ठ ३८०)*

म फेरि भन्न चाहन्छु कि आईतबार सूर्यको दिन हो, परमेश्वरको पुत्रको दिन होइन । आईतबार विश्राम दिन वा शबाथ दिन होइन ।

## करारमा मिथ्याकरण

क्याथोलिक चर्चले आफ्नो इच्छाबाट करारमा मिथ्याकरण गरेको स्पष्ट भएको छ । यो इच्छापत्र वा करार मानिस जीवितै रहँदाखेरी लेखिने हो । जब त्यो लेख्ने मानिसको मृत्यु हुन्छ तब त्यो इच्छा पत्र लागू हुन्छ र त्यसमा लेखेको कुरा कहिल्यै पनि घटबढ गर्न सकिन्न । यदि कसैले यस इच्छापत्रमा घटबढ गरे भने त्यो इच्छापत्र वा करारमा मिथ्याकरण गरियो भनि बुझिँन्छ। क्याथोलिक चर्चले त्यही गरेको छ । येशूको मृत्युपछि तिनीहरूले दश आज्ञाबाट



तिनीहरूले मिथ्याकरण गरेका छन् । येशूको मृत्यु भएको ३०० वर्षपछि तिनीहरूले यो घटीबढी गरेका हुन् । विश्व इतिहासमा सायद यो सबैभन्दा ठूलो मिथ्याकरण हो,जुन अपराध स्वर्गको पुस्तकमा दर्ता भइसकेको छ भन्दा अनुपयुक्त नहोला ।

यसको परिणाम एकदम ठूलो छ । यस मिथ्याकरणबाट धेरै मानिसहरू धोकामा परेका छन् । ती मानिसहरू जसले आफ्ना अगुवाले साँचो वचन बाँडे भनेर विश्वास गरेका छन् र धोकामा परेका छन् तिनीहरूप्रति हाम्रो सहानुभूति छ । तर समय आइसकेको छ कि क्याथोलिक चर्चको मुकुण्डोलाई हटाएर त्यसको अनुहार सबैको सामुन्ने ल्याउने ताकि मानिसहरू क्याथोलिक चर्चको झुटो सिद्धान्तबाट फर्केर आउन सकून् ।

पोप जोन पल द्वितीयले आफ्नो पत्र "डाइज डेमिनी"मा लेखेका छन्

*"ख्रीष्टको रगतद्वारा पाइने स्वतन्त्रताको बारेमा प्रचार गर्न इसाईहरूको बोलावट भएको कारण हामीले यो महशुस गर्‍यौ कि हामीसँग सातौ दिनको शबाथलाई पुनरूत्थान दिनमा सार्न सक्ने अधिकार छ ।" (डाइज जेमिनी, बुँदा-६३, सम्पादित मे, १९९८) ।*

उनले यो पनि लेखे कि -

*"परम्पराबाट हामीले आईतबारको आत्मिकी र पाष्टरीय आशिष पाउँदै आएका छौं ।"*

के तपाईंले पोपको घोषणामा कमजोरता देख्नुभयो ? पोपले खुल्ला रूपमा भनेका छन् कि शबाथ पालनालाई आईतबार पालनामा परिणत गरियो । क्याथोलिक चर्चलाई यो महशुस भयो कि तिनीहरूसँग परिवर्तन गर्ने अधिकार छ । त्यसकारण तिनीहरूले बाइबलीय अधिकार भन्दा माथि आफ्नो अधिकारलाई राखे । तिनीहरूले विश्राम दिन परिवर्तन गर्ने अधिकारको महशुस गरे । हाम्रो भावनामा आधारित रहेर हामीले धेरै अचम्म लाग्दा निर्णयहरू लिन्छौं ।

पोपले आईतबारलाई विश्राम दिन परम्परागत भएको दाबी गरेका छन् । किन अरू मूलधारका चर्चहरू क्याथोलिक चर्च जस्तै आईतबारीय पालन परम्परागत भएको स्वीकार किन गर्दैनन् ? शबाथको अर्थ आईतबारमा परिणत गर्न वयाथोलिक चर्च एकदम गलत छ, जसको अधिकार तिनीहरूसँग छैन र तिनीहरूले परिवर्तन गरेको स्वीकार गरेका छन् ।

न्यायको समयमा हामीले आफ्नो पाप स्वीकार गर्‍यौं कि गरेनौँ त्यसको मात्र जानकारी हुँदैन, तर यसको पनि जानकारी हुन्छ कि हामीले पश्चात्ताप गरेर परमेश्वरले देखाउनु भएको बाटोमा हिँड्यौ कि हिँडेनौं ।

राजा सुलेमानले लेखेका छन् -

*"अब सबै कुरा सुनिएका छन्, कुराको निष्कर्ष यही हो । परमेश्वरको भय राख र उहाँको आज्ञाहरू पालन गर । किनभने मानिसले गर्नुपर्ने सारा कर्तव्य त्यही नै हो ।*

*किनकि हामीले गरेको हरेक काम असल होस् वा खराब होस्, प्रत्येक गुप्त कुरासमेत सबैको न्याय परमेश्वरले गर्नुहुनेछ ।" (उपदेशक १२:१३-१४) ।*

आउनुहोस् क्याथोलिक स्रोतबाट केही भनाइहरू हामी हेरौं-

*"प्रोटेस्टेन्टहरूको अस्तित्व हुनुभन्दा हजारौं वर्ष अगाडि क्याथोलिक चर्चले स्वर्गीय अधिकारबाट शबाथलाई शनिबारबाट आईतबारमा परिणत गरेको हो ।" (क्याथोलिक मिरर, सेप्टेम्बर, १८९३) ।*

*"हाम्रो अधिकारको चिन्ह आईतबार हो । चर्च बाइबलभन्दा पनि माथि छ, र शबाथ पालनाको परिवर्तन यस कुराको चिन्ह हो ।" (क्याथोलिक रेकर्ड, लण्डन/ओटारिओ, सेप्टेम्बर १, १९२३) ।*

ल हेर्नुहोस्- क्याथोलिक चर्चले आफूलाई बाइबलमाथि राखेको छ । तिनीहरू भन्छन् कि तिनीहरूसँग समय र नियम परिवर्तन गर्ने स्वर्गीय अधिकार छ । तिनीहरू पुष्टि गर्छन् कि तिनीहरूसँग त्यो अधिकार छ, जुन कुरा बाइबलको ठीक बिपरित छ ।

जब शैतानले येशूको परीक्षा गऱ्यो तब येशूले बाइबलमा आधारित भएर परीक्षाको सामना गर्नुभयो । उहाँले परमेश्वरको वचनलाई आफ्नो अधिकार बनाउनुभयो । यदि कसैले वा कोही परमेश्वरको वचनको अधिकारमा चल्दैन भने त्यो व्यक्ति कुनै पनि अधिकारमा चल्दैन । किनभने अधिकार केवल परमेश्वरको वचनमा छ ।

## त्यसोभए के विश्राम दिन चेलाहरूले परिवर्तन गरे ?

कसैले भन्छन् येशूको पुनरूत्थानको सम्झनामा चेलाहरूले शनिबारको सट्टा आईतबारको दिन विश्राम दिन पालना गर्न थाले । यो परिवर्तनको विषयमा बाइबल एकदमै मौन छ । हप्ताको पहिलो दिनलाई आधार मानेर बाइबलीय सन्दर्भहरू हामीले हेऱ्यौं भने कहीं पनि परमेश्वरले दिन परिवर्तन गर्ने आज्ञा दिनुभएको हामीले पाउँदैनौं । हप्ताको सातौं दिन शनिबारबाट विश्राम दिन हप्ताको पहिलो दिनमा सारियो भनेर बाइबलको कुनै पनि पद पाइदैन । (मत्ती २८:१, मर्कूश १६:२, ९, लूका २४:१, यूहन्ना २०:१, १९, प्रेरित २९:७, १ कोरिन्थी १६:२) ।



तर त्यसको ठीक विपरीत चेलाहरूले येशूले सिकाउनुभए जस्तै शबाथ पालना गर्दै आए भनेर प्रेरितको पुस्तकले भन्दछ (प्रेरित १३:१४-१५, १३:४२-४४, १६:१२-१३, १७:१-२, १८:३-४) ।

## ट्रेन्टको सभा

क्याथोलिक चर्चको एक आधिकारिक चर्च सभा ई.सं. १५४५-६३ मा ट्रेन्टमा भएको थियो । यस सभाको मुख्य उद्देश्य- *"प्रोटेस्टेन्ट झुटा शिक्षाहरूको प्रतिउत्तरमा चर्चको सिद्धान्तहरूमा निश्चित संकल्प ।" (क्याथोलिक इनसाइकोपेडिया, भाग १५ ट्रेन्टको सभा) ।*

यस सभामा बाइबलको अधिकार बनाम चर्चको परम्परामा आधारित अधिकारबारे गहनरूपमा छलफल भएको थियो । अन्तिममा छलफलमा निष्कर्षमा पुग्यो- शबाथको परिवर्तनलाई ध्यानमा राखेर यो कुरा पुष्टी हुन्छ कि बाइबलमाथि चर्चको अधिकार छ । त्यो अन्तिम निष्कर्ष यस प्रकारको छ-

*"आखिरीमा सबै हिचकिचाहटलाई पर सारियो । बाइबलमाथि विधि परम्पराको अधिकार छ भनेर रंगियोको आर्कविशपले खुल्ला रूपमा भने । ख्रीष्टको आज्ञा विना आफ्नो अधिकारद्वारा चर्चले खतनालाई बप्तिस्मामा, शबाथलाई आईतबारमा परिणत गरेको कारण चर्चको अधिकार बाइबलभन्दा पनि ठूलो छ ।" (जे.एच. होल्टम्यान, क्यानन एण्ड ट्रेडिशन लुडविग्स्वर्ग जर्मनीमा सम्पादित १८५९, पृ. २६३) ।*

अब हामी कुराको मूल भागमा आएका छौ, कि सबै प्रोटेस्टेन्ट र सुधारवादीहरूले बाइबललाई आफ्नो विश्वास र शिक्षाको आधार बनाएका छन् । तर क्याथोलिकहरू मण्डलीले प्रतिपादन वा बद्ली गरेको हप्ताको सातौं दिन शनिबारलाई विश्राम दिन नमानेर हप्ताको पहिलो दिन आईतबारलाई विश्राम दिन भनि प्रोटेस्टेन्टहरूले मानेको कारण प्रोटेस्टेन्टहरूले आफूमाथि रोमको अधिकारलाई स्वीकार गरेका छन् । यो कुरामा क्याथोलिकहरूले इमान्दारीसाथ घोषणा गर्दछन् की तिनीहरूले विश्राम दिनलाई हप्ताको सातौं दिन शनिबारबाट पहिलो दिन आईतबारमा सारेका छन् । त्यही समय तिनीहरूले प्रोटेस्टेन्ट र सुधारवादीहरूलाई शवाथको आधारमा गलत भनेका छन् । किनभने प्रोटेस्टेन्टहरूले आईतबारलाई विश्राम दिन पालना गर्दै आएका छन् ।

*"बाइबल केबल बाइबलमा लिखित वचन मान्ने निर्णय लिनु बाहेक प्रोटेस्टेन्टहरूसँग अरु कुनै शरणस्थान छैन । आफूलाई छुटकारा दिनको लागि*

*यिनीहरूसँग अझै समय छ । के तिनीहरूले त्यो काम गर्नेछन् ? के तिनीहरू आफ्नो विश्वासमा खडा रहनेछन् ? वा तिनीहरू क्याथोलिक चर्चद्वारा स्थापित झुटा शिक्षामा खडा रहेर प्रोटेस्टेन्ट सिद्धान्त मानेको घोषणा गर्नेछन्? के तिनीहरू क्याथोलिक चर्चको विधिद्वारा स्थापित आईतबारलाई विश्राम दिन मान्दै बस्छन् की बाइबलको शावथलाई ?" (क्याथोलिक मिरर, सेप्टेम्बर २, ९, १६ र २३, १८९३ पर्चा आधारित रोमको चुनौतीहरू) ।*

## प्रिय मित्र यस विषयमा तपाई कुन पक्षमा उभिनुहुनेछ ?

मार्टिन लुथरले क्याथोलिक चर्चको विरूद्ध उभिने साहस गरेर सच्याउने कोशिष गरे परमेश्वरको नैतिक दश आज्ञामा रोमले गरेको परिवर्तन भएको कुरा उसलाई स्पष्ट रूपमा ज्ञान थिएन् । जसले लुथरको पाइलामा हिडेका थिए भनि दाबि गर्छन तिनीहरू वचनमा अझै अगाडि बढ्दै जानुको सट्टा रोमसँग हात मिलाउन पुगे ।

विश्राम दिनको विषयमा प्रोटेस्टेन्टहरू गलत छन् । तिनीहरूले क्याथोलिक शिक्षालाई अपनाएका छन् र बाइबल केवल बाइबलमा आधारित रहने प्रतिज्ञालाई तोडेका छन् र रोमको झुटो शिक्षालाई अपनाएका छन् । जब तिनीहरूले क्याथोलिकसँग मिलेर सुधारको पाँच सय वर्ष मनाउनेछन् तब तिनीहरूले सम्झौता गर्नेछन् र तिनीहरू झुटा ठहरिनेछन् ।

आउनुहोस्, हामी ती शिक्षाहरूलाई हेरौ जुन शिक्षाहरू लुथरन चर्च र अरु प्रोटेस्टेट चर्चहरूले रोमन क्याथोलिक चर्चबाट लिएर आएका छन् ।

१. आईतबार जसको बाइबलीय आधार नै छैन, त्यस दिन प्राय सबै चर्चले विश्राम दिन स्वीकारेका छन् । बाइबलको सातौं दिनलाई शबाथ दिन मान्नुको सट्टा बाइबलको पहिलो दिनलाई मानेका छन् ।

२. विश्वासद्वारा बप्तिस्माको सट्टा प्राय चर्चले बाल बप्तिस्माको विधिलाई पालना गर्छन् जसको कुनै बाइबलीय आधार नै छैन ।

३. चर्चहरूले १३-१४ वर्षको युवाहरूलाई स्वीकारको विधिद्वारा विश्वास गर्न लगाइन्छ । जसको बाल बप्तिस्मा भएको थियो ।

येशूले तिनीहरू जसले अरूलाई धोका दिन्छन, त्यसको बारेमा कडा र गम्भीर चेतावनी दिनुभएको छ । येशूले भन्नुभयो-

*"तर जसले म माथि विश्वास गर्ने यी सानाहरूमध्ये एक जनालाई पाप गर्न लाउँछ, बरु त्यसको गलामा ठूलो जाँतोको ढुंगा बाँधेर त्यसलाई गहिरो समुद्रमा डुबाइदिनु असल हुन्छ । पाप गर्न लगाउने परीक्षाहरूका निम्ति यस संसारलाई धिक्कार ! पाप गर्न लगाउने परीक्षा त आउँछ नै तर धिक्कार, त्यस मानिसलाई जसद्वारा पाप गर्न लगाउने परीक्षा आउँछ ।" (मत्ती १८:६-७)*



## निष्कर्ष:

बाइबललाई पूर्ण रूपमा पालन नगरेको कारण लामो समयको अन्तरालमा पनि मण्डलीमा सुधार अभियान सफल भएको छैन । आईतबारलाई विश्राम दिन मान्नु यसको एउटा परिणाम हो ।

धेरैले भन्ने गर्छन् सुधारबादी अभियान लुथरसँगै अन्त्य भयो, तर यो अभियान समयको अन्त्यसम्म चलिरहनुपर्छ । जुन ज्योति लुथरले परमेश्वरबाट पाएका थिए त्यो ज्योति फैलाउन लुथरसँग ठूलो काम थियो । जुन ज्योति यस संसारले पाउनुथियो त्यस ज्योति लुथरले पूर्णरूपमा पाएका थिएनन् । उसको समयदेखि अहिलेसम्म बाइबलमा आधारित धेरै सत्यहरू प्रकशनमा आइसकेका छन् ।

सुधारवादीहरूको बाइबलमा आधारित विश्वासलाई के भयो ? आज हाम्रो माझमा एउटा हैन धेरै सुधारवादीहरूको खाँचो छ किनभने आजको चर्चमा धेरै झुटा शिक्षाहरूले घर बनाएका छन् जसलाई मानिसहरूले हेर्न जरूरी छ । त्यसै बखत हाम्रो समयको निम्ति बाइबलबाट स्पष्ट र साँचो सन्देश सुनाउन जरूरी छ । निडर लुथर जस्तै परमेश्वरको लागि उभिन को तयार छ ?

आजको संसारमा भ्रष्टहरूले जितिरहेका छन् । तर यो संघर्ष त उहाँको वचनमा येशूलाई पछ्याउने र नपछ्याउनेको बीच हो । यसबाट हामी हेर्न सक्छौं कि परमेश्वरले हरेक कुरालाई नियन्त्रण गर्न सक्षम हुनुहुन्छ र उहाँले नै सबै कुरा तोक्नुहुन्छ । अन्त्यसम्म चल्ने यो सुधारवादी अभियानमा जो येशूको सत्य र प्रेमको गवाईका पक्षमा छन् तिनीहरूले नै विजय हाँसिल गर्नेछन् ।

## सबैभन्दा ठूलो अन्तिम परीक्षा

आराधनालाई लिएर यस संसारमा अन्तिम परीक्षा हुन्छ भनेर बाइबलले स्पष्ट पारेको छ । बाइबलले यो परीक्षालाई यसरी व्याख्या गरेको छ -

*"त्यस पहिलो पशुको मूर्तिमा सास हालिदिने अनुमति त्यसलाई दिइयो, यस हेतुले कि पशुको त्यो मूर्ति बोलन सकोस् र त्यस पशुको मूर्तिलाई नपुज्नेहरू मारिऊन् ।*

*अनि त्यसले साना र ठूला, धनी र गरीब, फुक्का र कमारा सबैलाई तिनीहरूका दाहिने हात वा निधारमा छाप लगाउन लायो ।*

*त्यो छाप नभईकन कसैले पनि किनमेल गर्न नपाउने भयो । त्यो छापचाहिँ त्यस पशुको नाउँ वा त्यसका नाउँको संख्या हो ।" (प्रकाश १३:१५-१७) ।*

हामीले कसलाई आराधना गर्छौ र कसरी आराधना गर्छौ भन्ने त्यस विषयमा परीक्षा हो यो । हामी परमेश्वरलाई सृष्टिकर्ताको रूपमा स्वीकार छौं । यो आराधनाको विषय हो । कुनै माइक्रोचिप्सको विषयमा हैन । धेरै मानिसले सोच्छन् कि पशुको चिन्ह माइक्रो चिप्स हो, तर वास्तविकता त्यो हैन । विद्युतीय प्रणालीद्वारा माइक्रोचिप्सबाट सबै कुरा जो पशुको विपरित छन् त्यसलाई नियन्त्रण गरिन्छ भनेर मानिसहरू सोच्छन् ।

कतिपयले चाहिँ कागजीय पैसालाई हटाएर कार्डको प्रयोग हुन्छ र जसले माइक्रोचिप्स लिएका छैनन् त्यसले किनमेल गर्न पाउँदैन भनि भन्दछन् । पशुको छाप निधार र हातमा लिनुको सांकेतिक अर्थ छ । निधारको अर्थ बुझाई र हातको अर्थ काम हो (व्यवस्था ११:१८) । हाम्रो मस्तिष्कद्वारा हामी निर्णय लिन्छौं । हामी हाम्रो सम्झाई बुझाईबाट गरीएको निर्णय वा आफ्नो कामद्वारा पशुको छाप लिन सक्छौं । जसले स्वर्ग र पृथ्वी बनाउनुभयो उहाँको आराधना गर भनेर बाइबलले भन्दछ । चौथो आज्ञाले हामीलाई जसले ६ दिनमा सृष्टि गर्नुहुने र सातौं दिनमा विश्राम गर्नुहुनेलाई आराधना गर भनेर आदेश दिन्छ । किनभने फेरि येशू आउनुभन्दा अगाडि शबाथ दिन आरधनाको विषयको केन्द्रविन्दु बन्नेछ । यस संसारका अगुवाहरूले बाइबलको पहिलो दिनलाई विश्राम दिन भनेर लागू गर्न खोजिरहेको छन् । युरोपमा, युरोपियन आईतबारीय समूहले आईतबारलाई विश्राम दिन भनेर लागू गर्न पूरा शक्तिका साथ लागि परेका छन् । अमेरिकामा पनि धार्मिक अभियान इसाई गठबन्धन र प्रभुको दिन समूह जस्ता समूहले आईतबारलाई विश्राम दिन भनी लागू गर्न पूर्ण रूपले लागि परेका छन् ।

आइतबारे विश्राम दिन परमेश्वर र दश आज्ञा विरूद्ध छ, किनभने चौथो आज्ञाले हामीलाई उहाँले विश्राम गर्नुभएको दिनलाई विश्राम दिन मानी पालन गर्नु भन्ने आदेश दिएको छ । आराधनाको विषयलाई लिएर पूरा संसारको परीक्षा हुनेछ र मानिसहरूले यो निर्णय लिनुपर्नेछ कि तिनीहरूले सृष्टिकर्तालाई पुज्ने कि पशुलाई पुज्ने ?

हामीले हेर्‍यौ कि आईतबारे बिश्राम क्याथोलिक चर्चको अधिकारको चिन्ह हो । हामीले हेर्‍यौ कि विश्रामको दिनलाई शनिबारबाट आईतबारमा सारिएको



छ । अब तपाँईंलाई यो कुराको जानकारी भइसकेको छ, अब निर्णय लिने पालो तपाँईंको हो । कुन अधिकारलाई तपाँईं पछ्याउनु हुन्छ ।

तपाँईंले जानकारी पाउनुभयो कि कसरी धर्मविरोधी चर्चले परमेश्वरको विश्राम दिनसँग छेडखानी गरेको छ अब तपाँईंले लिने निर्णय तपाईंको जीवनभरी तपाँईंको पछि लाग्नेछ । किनभने बाइबलमा यसो लेखिएको छ–

*"यसकारण जसले भलाई गर्न जानेर पनि गर्दैन त्यसले पाप गर्छ ।" (याकूब ४:१७)*

सृष्टिकर्ताको आराधना गर्ने वा पशु र त्यसको छाप लिने निर्णय भविष्यमा हरेक कोहीले लिने अवस्था आउने छ । त्यो समय तब आउँछ जब पशुको छाप आईतबारलाई विश्राम दिन मानेर पालन गर्नुपर्ने कानून बन्छ । यसकारण हामीले अहिले निर्णय लिनुपर्छ किनभने हामी कति समय बाँच्छौं त्यो हामीलाई थाहा छैन, किनभने उद्धारको दिन आज हो ।

*"आज तिमीहरूले उहाँको शब्द सुन्छौ भने आफ्नो हृदय कठोर नपार ।" (हिब्रू ३:७-८) ।*

यदि हामीले येशूलाई पछ्याउने निर्णय आज लियौं भने भोलि उहाँलाई पछ्याउन झन सजिलो हुनेछ । यी पदहरूलाई ध्यानसँग पढ्नुहोस् ।

*"तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर ।" (यूहन्ना १४:१५) ।*

*"यसैबाट थाहा पाउँछौं, कि हामीले कसैलाई प्रेम गर्छौं ? जब हामी परमेश्वरलाई प्रेम गर्छौं तब हामी उहाँको आज्ञा पालन गर्छौं ।" (१ यूहन्ना ५:२-३) ।*

*"जसले म उहाँलाई चिन्छु भन्छ तर उहाँका आज्ञाहरू उल्लंघन गर्छ, त्यो झुटो हो, र त्यसमा सत्य छैन । तर जसले उहाँको बचन पालन गर्छ, त्यसमा परमेश्वरप्रतिको प्रेम साच्चै नै सिद्ध भएको हुन्छ । हामी उहाँमा छौ भन्ने कुरा यसैबाट निश्चित हुन्छौं ।" (यूहन्ना २:४-५) ।*

*"मेरो भेडाहरूले मेरो स्वर सुन्छन्, र तिनीहरूलाई म चिन्छु र तिनीहरू मेरो पछि आउँछन् ।" (यूहन्ना १०:२७) ।*

# अन्तिम आव्हान

जब हामीले यो बिषयको बारेमा लेख्दा हामीले क्याथोलिक चर्चलाई एक व्यक्तिको रूपमा नभई प्रणालीको रूपमा लेखेका छौं । क्याथोलिक चर्च प्रणाली धेरै झुटा शिक्षा गलत शिद्धान्तहरूको सस्थापक हो । हामीले चर्च प्रणालीलाई

भुठो भनेको हौ, कुनै क्याथोलिक व्यक्तिलाई तुच्छ नजरले हेरेको छैनौं । यसकारण हामी यो प्रार्थना गर्छौं कि यो पुस्तकद्वारा परमेश्वरले क्याथोलिक वा हरेक व्यक्ति जसले यो पुस्तक अध्ययन गर्दछन् । उसलाई सही निर्णय लिन मदत गरून् ।



हामी विश्वास गर्छौं कि अन्य मण्डलीहरूमा र क्याथोलिक मण्डलीमा पनि इमान्दार र सोझो मानिसहरू छन् । जसले परमेश्वरको सत्य वचनको खोजी गरि रहेका छन् । धेरै जना झुटा शिक्षा विरूद्ध, दश आज्ञामा भएको फेरबदलको विरूद्ध उभिनेछन् जब तिनीहरूले मानिसले स्थापना गरेको झुटा विधिहरूले चर्चमा डेरा जमाएको हेर्नेछन् । परमेश्वरको काम गर्न तिनीहरू बलियो गवाही बनेर बाहिर आउनेछन् भन्ने हाम्रो विश्वास छ । बाइबलको यो आव्हान ती सबैको लागि हो जो यस बेबिलोनमा (क्याथोलिक र झुटा प्रोटेस्टेन्ट बादमा) फसेका छन् -

*"हेर मेरा मानिस हो, त्यसबाट निस्केर आओ, नत्रता त्यसका पापहरूसँग तिमीहरू पनि सहभागी हुन्छौं, र त्यसका विपत्तिहरू तिमीहरू भोग्नेछौं ।" (प्रकाश १८:४) ।*

यो पद अनुसार परमेश्वरको धेरै मानिसहरू बेबीलोनमा छन् । अधिकांश परमेश्वरको प्रजाहरू आजको दिनमा बेबीलोनमा फसेका छन् । जब तिनीहरूले परमेश्वरको वचनको ज्योती देख्नेछन् तब मार्टिन लुथर जस्तै तिनीहरू बाइबललाई पछ्याउँदै बेबीलोनबाट निस्केर आउनेछन् । बाइबलको अधिकारलाई मान्नेछन् ।

यदि तपाईंको चर्चले हामीले भनेको दश बुँदाहरूबाट कुनै शिक्षाहरू सिकाईरहेका छन् भने हामी प्रार्थना गर्दछौं कि तपाईं त्यहाँबाट निस्केर आउनुहोस् ताकि तपाईंमाथि परमेश्वरको दण्ड जुन अधर्मीको लागि हो त्यो तपाईंमा नआओस् ।

(प्रकाशः २१:८) । एउटा खुट्टा बेबीलोनमा अर्को खुट्टा परमेश्वरको पक्षमा राख्नु राम्रो होइन । हाम्रो दुवै खुट्टा परमेश्वरको पक्षमा हुनुपर्दछ ।



बहुमतको आधारमा मुक्ति पाइन्छ भनेर नसोच्नुहोस् । बाइबलले अन्तको दिनमा साँचो विश्वासीहरू जो परमेश्वरको हुँ, भनेर दाबी गर्नेहरू हुन्छन् तिनीहरूबारे यसरी व्याख्या गर्दछ -

*"परमेश्वरको आज्ञाहरू पालन गर्ने र येशूको विश्वास राख्ने सन्तहरूको धैर्यधारण यसैमा छ ।" (प्रकाश १४:१२) ।*

हाम्रो शक्तिमा हैन तर परमेश्वरको शक्तिमा । (फिलीप्पी २:१३) । यिनीहरू नै परमेश्वरको साँचो विश्वासी हुन जो अन्त्यको समयमा हुनेछन् । तिनीहरू एउटै समझको हुनेछन् जसरी पेन्टीकोस्टको दिन येशूको चेलाहरू एउटै समझका भएका थिए । तिनीहरूसँग ख्रीष्टको शक्तिमा एकता थियो ।

हामी सबै यो साँचो विश्वासी समूहको भाग हुन सकौं । आमेन ।